**अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)**

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ९ | संख्या ५ | मिति २०८२।०९।२८ गते |

**भाग-२**

## जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

# बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना :** जनकपुरधाम उप-महानगरपालिका क्षेत्रभित्रका बालबालिकाको हकहित र अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनमा व्यवस्था भएका बाल अधिकार सम्बन्धी हक प्रचलन, बालबालिकाको संरक्षणात्मक कार्यहरू तथा तोकिएका कानूनी दायित्वसंग सम्बन्धित थप व्यवस्थाहरूको कार्यान्वयन गर्न, गराउन तथा बालबालिकाको सर्वोत्तम हित कायम गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले जनकपुरधाम उप-महानगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ को उपदफा (१) बमोजिम जनकपुरधाम उप-महानगरपालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम **"बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित गरी राजपत्रमा प्रकाशित मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(१) "**ऐन**" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(२) **"अस्थायी संरक्षण सेवा"** भन्नाले ऐनको दफा ६९ बमोजिमको संरक्षण सेवा सम्झनु पर्छ।

(३) "**प्रमुख**" भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(४) "**उपप्रमुख**" भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(५) **"न्यायिक समिति"** भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको न्यायिक समिति सम्झनु पर्छ ।

(६) "**नियमावली**" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(७) "**परिषद्**" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(८) "**प्रदेश मन्त्रालय**" भन्नाले मधेश प्रदेश सरकारको बालबालिकाको विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(९) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(१०) **"बालकल्याण अधिकारी"** भन्नाले ऐनको दफा ६१ बमोजिमको जनकपुरधाम उप-महानगरपालिकाको बालकल्याण अधिकारी सम्झनु पर्छ।

(११) "**बालगृह**" भन्नाले नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको बालगृह सम्झनु पर्छ।

(१२) **"बाल क्लब"** भन्नाले बाल अधिकारको प्रवर्द्धन तथा बालसंरक्षणका लागि ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा व्यवस्था भए अनुसार १८ वर्ष उमेर पूरा नभएका बालबालिकाहरु मिलेर गठन गरी उप-महानगरपालिकामा दर्ता गराएको समूह/क्लब/संस्था सम्झनु पर्छ ।

(१३) **"बाल कोष"** भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्ने तथा क्षतिपूर्ति प्रदान गर्ने समेत कार्यका लागि दफा ४२ बमोजिम उप-महानगरपालिकामा स्थापना गरिएको बाल कोष सम्झनु पर्छ ।

(१४) "**बालबालिका**" भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(१५) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(१६) **उप-महानगरपालिका** भन्नाले जनकपुरधाम उप-महानगरपालिका सम्झनु पर्छ ।

(१७) **"महाशाखा"** भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको सामाजिक विकास महाशाखा सम्झनु पर्छ ।

(१८) **विशेष संरक्षणको आवश्यकता भएका बालबालिका** भन्नाले ऐनको दफा ४८ बमोजिमका उप-महानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने वा फेला परेका बालबालिका सम्झनु पर्छ ।
(१९) **"समाजसेवी तथा बाल मनोविज्ञ"** भन्नाले ऐनको दफा ६२ बमोजिम योग्यता पुगेका र उप-महानगरपालिकामा सूचीकृत भएका व्यक्ति सम्झनु पर्छ ।
(२०) **"समिति"** भन्नाले दफा ३३ बमोजिम गठन भएको **स्थानीय बाल अधिकार समिति** सम्झनु पर्छ ।
(२१) **"सेवा प्रदायक निकाय"** भन्नाले जनकपुरधाम उप-महानगरपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सरकारी कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, प्रहरी कार्यालय, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र, बाल गृह, बालबालिका खोजतलास सेवा केन्द्र तथा बाल हेल्पलाइन सेवा समेतलाई सम्झनु पर्छ ।
(२२) **"संस्था"** भन्नाले बाल अधिकार प्रवर्द्धन तथा बालसंरक्षणका क्षेत्रमा प्रचलित कानून बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघसंस्था, संगठन तथा सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## बाल संरक्षण, बाल अधिकार प्रवर्द्धन तथा प्रचलन

**३. <u>बाल संरक्षण सुनिश्चित गर्नुपर्ने</u>** : (१) उप-महानगरपालिका क्षेत्रभित्रका बालवालिकाको संरक्षण गर्न उप-महानगरपालिकाले विभिन्न कार्यक्रम गर्नेछ ।
(२) उपदफा (१) बमोजिमको बाल संरक्षण सुनिश्चित गर्न देहायका कार्यहरू गर्नेछ:
(क) उप-महानगरपालिका क्षेत्रभित्र बालबालिकामाथि हुने वा हुनसक्ने सबै प्रकारका भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण, अमानवीय व्यवहार, बेवास्ता लगायतका कार्यहरूको रोकथाम गर्ने/गराउने,
(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्न रोकथाममूलक, शीघ्र सम्बोधन एवम् घटना व्यवस्थापनका लागि लक्षित कार्यक्रम कार्यान्वयन गर्ने,
(ग) जोखिममा रहेका बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित निकाय र सेवा प्रदायकसंग समन्वय तथा सहकार्य गर्ने,
(घ) बालबालिकासंग प्रत्यक्ष सरोकार राख्ने निकाय, विद्यालय, संस्था तथा निजी क्षेत्रमा दर्ता भएका बाल संरक्षण तथा बालबालिकासंग सम्बन्धित उजुरीको न्यायिक समितिमार्फत तत्काल कारवाही गर्ने/गराउने,
(ङ) उप-महानगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा बालबालिकाको गुनासो सुनवाइको लागि विद्यालय गुनासो सुनुवाइ कार्यविधि जारी गरी कार्यान्वयन गर्ने,
(च) उप-महानगरपालिका क्षेत्रभित्र रहेका अन्तरलिङ्गी बालबालिकाको सम्मानजनक जीवनयापनका लागि लक्षित कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,
(छ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा अटिजम, डाउनसिन्ड्रोम जस्ता समस्याका कारण सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिकाको लागि उचित कार्यक्रम सञ्चालन गर्ने/गराउने,
(ज) उप-महानगरपालिका क्षेत्रभित्र श्रममा संलग्न भई उद्धार गरिएका बालबालिकालाई औपचारिक शिक्षाको अलावा अनौपचारिक शिक्षा, सीपमूलक तथा विशेष शिक्षाको प्रबन्ध गर्ने,

(झ) बेसहारा तथा बेवारिस अवस्थाका बालबालिकालाई आवास, औपचारिक शिक्षा, सीपमूलक तथा विशेष शिक्षाको प्रबन्ध गर्ने,

(ञ) बाल संरक्षण मापदण्ड तर्जुमा गरी प्रत्येक विद्यालय तथा बालबालिकासंग प्रत्यक्ष सरोकार राख्ने संघ संस्थामार्फत मापदण्ड कार्यान्वयन गर्ने/गराउने,

(ट) बालबालिका विरूद्ध हुने सबै प्रकारका शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बालविवाह अन्त्य तथा रोकथामका लागि विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ठ) बाबुआमा/संरक्षक विहीन अवस्थाका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारवाहीको लागि बाल संरक्षण प्रणालीको विकास गर्ने/गराउने,

(ड) बालबालिकालाई लागु औषध दुर्व्यसनबाट जोगाउन रोकथाममूलक तथा उपचारमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, साथै पुनर्स्थापना सेवाको व्यवस्था मिलाउने,

(ढ) बालबालिकाको लागि कानूनले निषेध गरेको स्थान, व्यवसाय, क्रियाकलाप वा काममा प्रवेश तथा सहभागी हुनबाट रोक्ने,

(ण) प्रचलित कानूनले बालबालिकालाई उपभोग गर्न, प्रयोग तथा विक्री वितरण गर्न रोक लगाएको वस्तु तथा सेवा प्रवाहको अवस्था सम्बन्धमा नियमित सुपरिवेक्षण तथा नियमन गर्ने ।

(त) उप-महानगरपालिकाले तोकेका बाल संरक्षणको क्षेत्रमा अन्य कार्य गर्ने/गराउने ।

**४. विपद् र महामारीमा बाल संरक्षण :** (१) जनकपुरधाम उप-महानगरपालिकाले विपद् र महामारीको समयमा बालबालिकाको संरक्षण गर्नका लागि विशेष योजना तर्जुमा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विपद् र महामारीको समयमा बाल संरक्षणका लागि देहायका कार्यहरू गर्नुपर्नेछ :-

(क) विपद् र महामारीको अवस्थामा उद्धार र राहत कार्य गर्दा गर्भवती, सुत्केरी महिला र बालबालिकालाई प्राथमिकता दिनुपर्नेछ ।

(ख) विपद् र महामारीमा प्रतिकार्य गर्दा बालबालिकालाई सुरक्षित स्थल उपलब्ध गराउने, आधारभूत अधिकारको सुनिश्चितता गर्ने, बालबालिका लक्षित राहत सामाग्रीको व्यवस्थापन गर्ने, आघात (ट्रमा) को न्यूनीकरण गर्ने लगायतका विशेष व्यवस्था गर्नुपर्नेछ ।

(३) विपद् र महामारीमा अपाङ्गता भएका, बाबुआमा वा संरक्षकविहीन हुन पुगेका तथा परिवारसंग सम्पर्क विच्छेद भएका बालबालिकाको संरक्षण र सेवा प्रवाह गर्दा उनीहरूको विशेष आवश्यकताको सम्बोधन गर्नुपर्नेछ ।

(४) विपद् र महामारी पश्चात बालबालिका माथि हुनसक्ने हिंसा, दुर्व्यवहार र शोषण लगायतका हानिबाट संरक्षण गर्नुपर्नेछ ।

**५. बाल अधिकारको संरक्षण र प्रवर्द्धन** : (१) जनकपुरधाम उप-महानगरपालिका क्षेत्रभित्र रहेका बालबालिकाको बाल अधिकारको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्नु उप-महानगरपालिकाको दायित्व हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बाल अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न देहाय बमोजिमको कार्यहरू गर्नु पर्नेछ :-

(क) उप-महानगरपालिका क्षेत्रभित्रका बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्ने,

(ख) उप-महानगरपालिका क्षेत्रभित्रका गभर्वती महिला, सुत्केरी आमा, नवजात शिशु र बालबालिकाका लागि नेपाल सरकारले निर्धारण गरेका खोप, स्वास्थ्य सेवा र पोषणसंग सम्बन्धित सेवा सुविधा उपलब्ध गराउने र त्यस्तो सेवाप्रवाह बालमैत्री भए नभएको अनुगमन गर्ने,

(ग) सार्वजनिक तथा निजी क्षेत्रका कार्यालयहरूमा शिशु स्तनपान कक्षको स्थापना तथा सञ्चालन गर्न प्रोत्साहन, प्रवर्द्धन तथा सहजीकरण गर्ने,

(घ) बालबालिकाको स्वास्थ्य उपचारमा सहुलियत दिने व्यवस्था गर्न उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सार्वजनिक तथा निजी स्वास्थ्य संस्थालाई प्रोत्साहन तथा सहकार्य गर्ने,

(ङ) बालबालिकाको नियमित स्वास्थ्य जाँच गर्ने र मानसिक तथा मनोसामाजिक स्वास्थ्यका लागि उप-महानगरपालिकाले मनोविमर्शकर्ता मार्फत सेवा उपलब्ध गराउने तथा विद्यालयहरूमा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने,

(च) उप-महानगरपालिका क्षेत्रभित्रका बालबालिकालाई उमेर अनुरूप प्रारम्भिक बालविकास वा शिक्षा केन्द्र वा विद्यालयमा भर्ना सुनिश्चित गर्ने,

(छ) उप-महानगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिहरूको यथोचित वितरण भए नभएको यकिन गर्न नियमित अनुगमन तया मूल्याङ्कन गरी समीक्षा गर्ने,

(ज) उप-महानगरपालिका क्षेत्रभित्रका सबै अवस्थाका बालबालिकाको स्थितिबारे खण्डीकृत सूचनाको व्यवस्थित तथ्याङ्क सङ्कलन र अभिलेखीकरण गरी आवधिक रूपमा सार्वजनिक गर्ने,

(झ) उप-महानगरपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागितालाई प्रोत्साहन गरी त्यस्ता योजनामा बालबालिकासंग सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने ।

**६. <u>बालमैत्री उप-महानगरको अवधारणा लागु गर्नुपर्ने</u> :** (१) उप-महानगरपालिका क्षेत्रभित्रका विद्यालय, बालबालिकासंग प्रत्यक्ष सरोकार राखी कार्य गर्ने सार्वजनिक निकाय, सामुदायिक संघसंस्था तथा निजी क्षेत्र समेतमा योजनावद्ध बालमैत्री कार्यक्रम लागु गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बालमैत्री कार्यक्रम लागु गर्न देहायका कार्य गर्नुपर्नेछ :

(क) उप-महानगरपालिका क्षेत्रभित्रका सार्वजनिक निकाय, संघसंस्था तथा निजी क्षेत्रले भौतिक संरचना निर्माण वा मर्मत गर्दा बालमैत्री हुने गरी गर्ने,

(ख) उप-महानगरपालिका क्षेत्रभित्रका विद्यालयमा बालमैत्री अवधारणा अवलम्बन गर्ने,

(ग) विद्यालय तथा सार्वजनिक निकायका योजना तर्जुमा प्रक्रियामा बालसहभागिता प्रवर्द्धन गर्ने र बालबालिकाले व्यक्त गरेको विचारलाई उचित प्राथमिकता दिने,

(घ) उप-महानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीलाई बाल अधिकार, बालसंरक्षण, बालमैत्री स्थानीय शासन तथा व्यवहारबारे जानकारी गराउने,

(ङ) बालमैत्री स्थानीय शासनसम्बन्धी तोकिएका सूचक एवम् प्रक्रिया पूरा गरी उप-महानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने ।

**७. <u>अपाङ्गता भएका बालबालिकाको लागि विशिष्ट सेवा प्रदान गर्नुपर्ने</u> :** (१) अपाङ्गता भएका बालबालिकाको हेरचाह, शिक्षा, स्वास्थ्य उपचार, पोषण र समाजमा सक्रिय रूपले भाग लिने लगायतका आधारभूत अधिकार सुनिश्चित गर्नुपर्नेछ ।

(२) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा सुविधामा पहुँचको सुनिश्चितता गर्नुपर्नेछ ।

(३) गम्भीर प्रकृतिका अपाङ्गता भएका बालबालिकाको संरक्षण र सेवाप्रवाहका लागि उप-महानगरपालिका क्षेत्रभित्र अपाङ्गता सम्बन्धी विशिष्ट सेवा प्रदान गर्ने संस्था वा निकायसंग उप-महानगरपालिकाले समन्वय र सहकार्य गर्न सक्नेछ ।

**८. <u>बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था :</u>** (१) बालबालिकाको वैकल्पिक हेरचाहको लागि उप-महानगरपालिकाले विशेष कार्यक्रम तर्जुमा गरी व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विशेष कार्यक्रम तर्जुमा गर्दा बालबालिका सम्बन्धी संघीय तथा प्रदेश कानूनले व्यवस्था गरे बमोजिमको वैकल्पिक हेरचाहको व्यवस्थालाई समेत आधार मानी गर्नेछ ।

## परिच्छेद-३

## विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण

**९. <u>जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सूचना दिनुपर्ने</u> :** (१) जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका बारे थाहा पाउने जो कोहीले वडा बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, बालकल्याण अधिकारी, स्थानीय प्रहरी, नगर प्रहरी, बालबालिका खोजतलास सेवा केन्द्र, बाल हेल्पलाईन सेवा वा अन्य माध्यमबाट यथाशक्य छिटो सूचना दिनुपर्नेछ ।

(२) आमाबाबु वा अभिभावक, शिक्षक, बालबालिकाको संरक्षक, स्वास्थ्यकर्मी, मनोविमर्शकर्ता लगायतले बालवालिकामाथि हिंसा, दुर्व्यवहार र शोषण भएको जानकारी पाएमा एवम् तत्सम्बन्धी कुनै सङ्केत/चिह्न वा लक्षण देखेमा नजिकको प्रहरी कार्यालय, वडा कार्यालय, स्थानीय बाल अधिकार समिति वा बालकल्याण अधिकारीलाई सूचना दिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सूचना पाएपछि वडा बाल अधिकार समिति, स्थानीय प्रहरी कार्यालय, नगर प्रहरी, बालबालिका खोजतलास सेवा केन्द्र, बाल हेल्पलाइन सेवा, लगायतका सूचना प्राप्त गर्ने निकायले बालकल्याण अधिकारीलाई यथाशीघ्र त्यस्तो सूचना दिनुपर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम तथा अन्य कुनै स्रोतबाट सूचना प्राप्त गरेपछि बालकल्याण अधिकारीले समितिसंग समन्वय गरी उक्त सूचनाको अभिलेखीकरण गर्ने, सूचनाको सत्यतथ्य जाँचबुझ गर्ने र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको तत्काल उद्धार गर्नु, गराउनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम उद्धार गरिएका बालबालिकाको स्वास्थ्य परीक्षण एवम् उपचार, खाना, अस्थायी संरक्षण, कानूनी सहयोग, मनोविमर्श सेवा लगायतका आवश्यक सेवाको प्रबन्ध गर्नु पर्नेछ। त्यस्तो सेवा प्रदान गर्दा एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) संग समन्वय एवम् सहकार्य गर्न सकिनेछ ।

(६) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आकस्मिक तथा नियमित स्वास्थ्य परीक्षण एवम् उपचार गर्नका लागि उप-महानगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका अस्पताल, स्वास्थ्य सेवा प्रदान गर्ने संस्था तथा निकायसंग कार्यगत सम्झौता गर्न सक्नेछ ।

(७) जोखिममा रहेका बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापना कार्य गर्दा आवश्यकता अनुसार अन्य स्थानीय तहसंग समन्वय तथा सहकार्य गर्न सकिनेछ ।

**१०. <u>उद्धार टोलीको गठन गर्नुपर्ने</u>** : (१) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्धार गर्नुपर्ने देखिएमा बालकल्याण अधिकारीले समितिसंग समन्वय गरी उद्धार टोली गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उद्धार टोलीमा बालकल्याण अधिकारी, सम्बन्धित वडाको जनप्रतिनिधि, समाजसेवी वा बालमनोविज्ञ, उप-महानगरपालिका सम्बन्धित शाखाको प्रतिनिधि, राष्ट्रिय बाल अधिकार परिषद्को प्रतिनिधि, प्रहरी कर्मचारी, नगर प्रहरी ईकाइका प्रतिनिधि रहन सक्नेछन् । उद्धार टोलीमा बालबालिका खोजतलास सेवा केन्द्र र बाल हेल्पलाइन सेवाका प्रतिनिधि, सामाजिक कार्यकर्ता, सेवा प्रदायक निकाय र संस्थाका प्रतिनिधि समेत रहन सक्नेछन् ।

(३) कानून विपरीत श्रममा संलग्न गराइएका बालबालिकाको उद्धार कार्यका लागि उद्धार टोली गठन गर्दा उपदफा (२) बमोजिमको टोलीमा श्रम कार्यालयको प्रतिनिधि हुनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको उद्धार टोलीका सदस्यलाई बालसंरक्षण, उद्धार कार्यको तयारी, उद्धार कार्यको चरणमा र उद्धार पछि बालबालिकाको अस्थायी संरक्षण गर्दा समेत पालना गर्नुपर्ने अनुसूची-१ बमोजिमको आचार संहिताबारे अभिमुखीकरण गरी निजको लिखित प्रतिवद्धता लिनुपर्नेछ ।

**११. <u>बाल-उद्धार कार्यदल गठन गर्न सकिने</u>** : (१) उप-महानगरपालिका क्षेत्रभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सूचना दिन, उद्धार कार्य गर्न र उद्धार गरिएका बालबालिकाको अस्थायी संरक्षण लगायतका कार्यमा सघाउन नगर प्रहरीका प्रतिनिधिसमेत रहेको एक बाल उद्धार कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यदलमा रहने कर्मचारीलाई बाल अधिकार, बाल संरक्षण, उद्धार कार्यको प्रक्रिया, घटना व्यवस्थापन र उद्धार टोलीले पालना गर्नुपर्ने आचारसंहिता लगायतका विषयमा तोकिएको पाठ्यक्रम बमोजिम कम्तीमा तीन दिनको प्रशिक्षण प्रदान गर्नु पर्नेछ ।

**१२. <u>अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नुपर्ने</u> :** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा उद्धार गरिएका बालबालिकाको संरक्षण र सुरक्षित बसोबासको व्यवस्था समेतका लागि उप-महानगरपालिकाले अनुसूची-२ मा व्यवस्था गरे बमोजिमको कर्मचारी रहने गरी अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अस्थायी संरक्षण सेवामा बालबालिकालाई एक पटकमा बढीमा नौ (९) महिनासम्म राख्न सकिनेछ ।

(३) उप-महानगरपालिका क्षेत्रभित्र सरकारी निकाय वा गैरसरकारी संस्थाले सञ्चालन गरेको आवासीय सुविधा सहितको गृहलाई तोकिएको मापदण्ड बमोजिम अस्थायी संरक्षण सेवाको रूपमा प्रयोग गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमका बालबालिकाको संरक्षण गर्न नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहसंग समन्वय गरी उप-महानगरपालिकाले बालबालिका पठाउन सक्नेछ ।

(५) अस्थायी संरक्षण सेवामा देहाय बमोजिमका आधारभूत सेवाको व्यवस्था गर्नुपर्नेछ :-

(क) बालबालिकाको खाना, आवास, लत्ताकपडा, ओढ्ने ओच्छ्याउनेको व्यवस्था,

(ख) रगत समूह, हेपाटाइटिस, दिसापिसाब, खकार, एचआइभी, यौनजन्य सङ्क्रमण, क्षयरोग तथा अन्य सरूवा रोग आदिको परीक्षण एवम् स्वास्थ्योपचार,

(ग) स्वास्थ्यकर्मी सहित प्राथमिक उपचारको व्यवस्था,

(घ) कानुनी परामर्श र सेवा,

(ङ) मनोविमर्श सेवाको उपलब्धता,

(च) शिक्षाको व्यवस्था,

(छ) सम्भव भएसम्म बालबालिकाको परिवारको खोजी गरी परिवारमा पुनर्मिलन,

(ज) बालबालिकाको फोटोसहित व्यक्तिगत तथा पारिवारिक विवरण, शैक्षिक स्थिति, स्वास्थ्य विवरण, घटना विवरण सहितको लेखाजोखा प्रतिवेदन समावेश गरी व्यक्तिगत फाइल तयार गर्नुपर्नेछ ।

**१३. अस्थायी संरक्षण सेवामा प्रबन्ध गरिनुपर्ने सेवा, सुविधा** : (१) अस्थायी संरक्षण सेवामा देहाय बमोजिमको सेवा सुविधाको प्रबन्ध गर्नुपर्नेछ :-

(क) बालबालिकाको स्वास्थ्योपचारको लागि नजिकको स्वास्थ्य संस्थासंग सेवा सम्झौता,

(ख) बालक र बालिकाको लागि छुट्टाछुट्टै भवन वा सुरक्षित फरक तलामा बसोबास, छुट्टाछुट्टै शौचालय, छुट्टै स्नान कक्षको व्यवस्था,

(ग) अपाङ्गता भएका बालबालिका रहे बसेका भए कम्तीमा पनि भान्छा कोठा, शयन कक्ष, पढ्ने कोठा, शौचालय लगायतका स्थानमा पहुँच हुनेगरी अपाङ्गमैत्री भौतिक पूर्वाधारको व्यवस्था,

(घ) बालबालिकाको उमेर, रुची, लिङ्ग र अपाङ्गताको किसिम अनुसारको बालमैत्री तथा अपाङ्गमैत्री खेलकुद, मनोरञ्जन, अतिरिक्त क्रियाकलापको व्यवस्था लगायत सोही अनुरुपको खेलकुद सामग्रीको व्यवस्था,

(ङ) अस्थायी संरक्षण सेवाको प्राङ्गण पर्खाल लगाइएको, कम्पाउण्डमा सिसिटिभी र सुरक्षा गार्डको व्यवस्था सहित विशेष सुरक्षा तथा संरक्षणको प्रबन्ध ।

(२) लागुपदार्थ दुर्व्यसनमा फसेका बालबालिकालाई अन्य बालबालिकाभन्दा अलग्गै राखी हेरचाह गर्ने र सकेसम्म छिटो पुनर्स्थापना केन्द्रमा राखी उपचारको व्यवस्था गर्नुपर्नेछ ।

(३) अस्थायी संरक्षण सेवामा रहेका औपचारिक शिक्षामा निरन्तरता दिन नसकेका र व्यवसायिक सीप सिक्न चाहने १४ वर्ष उमेर पूरा भएका बालबालिकालाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रबन्ध गर्नुपर्नेछ ।

(४) अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको व्यक्तिगत विवरण प्रचलित कानुनबमोजिम गोप्य राख्नुपर्नेछ ।

(५) अस्थायी संरक्षण सेवाको भौतिक पूर्वाधार, सेवाको प्रबन्ध, मानव स्रोत व्यवस्थापन, सुरक्षा एवम् संरक्षण लगायतका विषयमा उप-महानगरपालिकाले मापदण्ड लागु गरी थप व्यवस्था गर्न सक्नेछ । त्यस्तो मापदण्ड बनाउँदा नेपाल सरकारले तोकेका मापदण्ड समेतलाई आधार बनाउनुपर्नेछ ।

**१४. <u>पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापना गर्नुपर्ने</u> :** (१) विशेष संरक्षणको आवश्यकता भएका, जोखिमपूर्ण अवस्थामा रहेका तथा अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको परिवारको खोजी गरी सम्भव भएसम्म परिवारमा पुनर्मिलन गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिवार फेला नपरेका तथा परिवारमा पुनर्मिलन गराउनु बालबालिकाको सर्वोत्तम हित अनुरूप हुने नदेखिएमा निजलाई सामाजिक पुनर्स्थापना तथा दीर्घकालीन हेरचाहको प्रबन्ध गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पुनर्मिलन वा पुनर्स्थापना गर्दा निज बालबालिकाको स्थितिको लेखाजोखा प्रतिवेदन समेतलाई आधार मान्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम बालबालिकालाई परिवारमा पुनर्मिलन गराउँदा उक्त परिवारमा रहेका अन्य बालबालिकासमेत जोखिममा रहेको पाइएमा निजका लागि स्वास्थ्य, शिक्षा, संरक्षण, सीपविकास तालिम, मनोविमर्श लगायतका सेवा प्रदान गर्न सकिनेछ ।

(५) बालबालिका पुनर्मिलन गराइएका परिवारलाई सम्बन्धित निकायसंग समन्वय गरी आवश्यकता अनुसार आर्थिक, भौतिक एवम् जीविकोपार्जन सहयोग, सीप विकास तालिम, मनोसामाजिक सहयोग प्रदान गरी परिवारिक सुदृढीकरण गर्नु पर्नेछ ।

(६) उप-महानगरपालिकाभन्दा बाहिर बसोबास गरेका परिवारमा बालबालिकाको पुनर्मिलन गराउँदा तथा सामाजिक पुनर्स्थापना गर्दा सम्बन्धित स्थानीय तहसंग समन्वय एवम् साझेदारी गर्नुपर्नेछ ।

(७) आमाबाबु वा परिवारलाई जीविकोपार्जन तथा आर्थिक सहायता उपलब्ध गराउँदा सम्बन्धित स्थानीय तहमार्फत वा स्थानीय तहले तोकेको वित्तीय संस्थामार्फत प्रदान गर्न सकिनेछ ।

(८) यस परिच्छेद बमोजिम बालबालिकालाई सेवा प्रदान गर्न उप-महानगरपालिकाले नेपाल सरकार तथा प्रदेश सरकारका निकायसंग मिलेर एकीकृत कार्ययोजना लागु गर्न सक्नेछ ।

(९) बालबालिकाको अस्थायी संरक्षण, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापना गर्न, गराउन उप-महानगरपालिकाले बाल अधिकार तथा बालसंरक्षणको क्षेत्रमा क्रियाशील विश्वसनीय गैरसरकारी संस्थासंग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

**१५. <u>सीपमूलक तालिमको व्यवस्था गर्न सकिने</u>** : (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा अस्थायी संरक्षण सेवामा रहेका १४ वर्ष माथिका बालबालिकालाई व्यावसायिक सिप तथा

रोजगारमूलक तालिमको प्रबन्ध गर्न उप-महानगरपालिकामा सीप प्रशिक्षण केन्द्रको स्थापना तथा व्यवस्थापन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसायिक सीप तथा रोजगारमूलक तालिमको प्रबन्ध गर्दा बजारको माग र आपूर्ति समेतको अध्ययन गरी गराई तालिमको विषय निर्धारण गर्नुपर्नेछ ।

(३) व्यवसायिक सीप तथा रोजगारमूलक तालिम सञ्चालन गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी) बाट स्वीकृत पाठ्यक्रम बमोजिम गर्न तथा सीप परीक्षण परीक्षामा सामेल गराउन सकिनेछ ।

(४) उप-महानगरपालिकाले व्यवसायिक सीप तथा रोजगारमूलक तालिम पूरा गरेका बालबालिका तथा किशोर किशोरीलाई इन्टर्नसिप गर्न, रोजगारीका लागि समन्वय गर्न र व्यवसाय शुरु गर्न बिउ पूँजी उपलब्ध गराउन सक्नेछ ।

(५) उपदफा (४) को प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार र उप-महानगरपालिकाको उद्यमशीलता विकास, नवप्रर्वत्तन, आइडिया बैंक, गौरव तथा स्वर्णिम योजना लगायतका कार्यक्रमहरुसंग समन्वय गर्न सकिनेछ ।

**१६. <u>विवरण पेस गर्नुपर्ने</u> :** (१) बालबालिकालाई श्रममा लगाउने प्रतिष्ठानले बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ बमोजिम तोकिएको श्रम कार्यालयमा त्यसबारे सूचना दिनुपर्नेछ ।

(२) प्रचलित कानून बमोजिम उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने उद्योग, व्यवसाय, प्रतिष्ठान र रोजगारदाताले बालबालिकालाई श्रममा संलग्न गराएकोमा सोको विवरण तोकिएको ढाँचाको फाराम भरी दर्ता र नविकरण गर्दा उप-महानगरपालिकामा पेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विवरण प्राप्त गर्न उप-महानगरपालिकाले सम्बन्धित श्रम कार्यालयसंग समन्वय र सहकार्य गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) को विवरणको आधारमा कानून विपरीत बालबालिकालाई श्रममा संलग्न गराइएको पाइएमा प्रचलित कानुनबमोजिम कारवाही गर्ने वा कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नुपर्नेछ ।

(५) कुनै घरपरिवारमा आफ्नो तथा आफ्नो नातागोता बाहेकका बालबालिका रहे-बसेको भए यस कार्यविधिको अनुसूची-३ मा तोकिएको फाराम भरी सम्बन्धित वडा कार्यालयमा विवरण पेश गर्नुपर्नेछ ।

**स्पष्टीकरण : नातागोता भन्नाले बालबालिकाको आमा वा बाबुतर्फका तीन पुस्ताभित्रका नातेदार सम्झनु पर्छ ।**

(६) उपदफा (५) बमोजिम विवरण प्राप्त भएपछि वडा कार्यालयले त्यस्तो विवरण तत्काल समिति समक्ष पेस गर्नुपर्नेछ ।

(७) समितिले उपदफा (६) बमोजिमको विवरण प्राप्त गरेपछि कानूनी प्रक्रियाका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउनुपर्नेछ ।

(८) घरेलु बालश्रम लगायत अन्य प्रकारका श्रममा बालबालिकाको संलग्नताबारे खोजी गर्न तथा सूचना दिन टोल विकास संस्था, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालयको गुनासो सुन्ने शिक्षक, महिला समूह, बाल क्लब समेतलाई परिचालन गर्न सकिनेछ ।

(९) उपदफा (८) बमोजिम घरेलु बालश्रम प्रयोग गरिएको तथा हिंसा, दुर्व्यवहार र शोषण भएको पाइएमा समितिले जाँचबुझ गरी निज बालबालिकाको तत्काल उद्धार गर्नुपर्नेछ । त्यस्तो बालश्रम राख्ने घरपरिवारलाई प्रचलित कानून बमोजिम कारबाहीका लागि सिफारिस गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम उद्धार गरिएका बालबालिकालाई अस्थायी संरक्षण सेवा, बालगृह वा अन्य उपयुक्त स्थानमा सुरक्षित बसोबासको प्रबन्ध गर्नुपर्नेछ ।

**१७. <u>बालश्रम प्रयोगमा निषेध र निरुत्साहित गर्नुपर्ने</u> :** (१) उप-महानगरपालिकाले सञ्चालन गरेका आयोजना, परियोजनामा बालश्रमिकको प्रयोगलाई निषेध गर्नुपर्नेछ ।

(२) उप-महानगरपालिकासंग सम्झौता गरी आयोजना, परियोजना सञ्चालन गर्दा त्यस्तो सम्झौता पत्रमा नै कानूनविपरीत बालश्रम प्रयोग नगरिने बुंदा उल्लेख गरी प्रतिबद्धता लिनुपर्नेछ ।

(३) उप-महानगरपालिकाले खरीद गर्ने वस्तु तथा सेवामा बालश्रम प्रयोग नभएको यकीन गरेर मात्र खरीद गर्नुपर्नेछ ।

(४) उप-महानगरपालिकाले वस्तु तथा सेवा खरिद गर्ने सम्झौता भएपछि बालश्रम प्रयोग भएको तथ्य खुलेमा त्यस्तो वस्तु तथा सेवा प्रदायकसंगको सम्झौता तत्काल खारेज गर्नु पर्नेछ ।

(५) उप-महानगरपालिका भित्र सञ्चालनमा रहेका उद्योग व्यवसाय, प्रतिष्ठान र रोजगारदाताले कानून विपरीत बालबालिकालाई श्रममा नलगाएको यकीन गर्न समितिले कम्तीमा वर्षमा दुई पटक अनुगमन गर्नुपर्नेछ ।

**१८. <u>गोपनीयता कायम गर्नुपर्ने</u>** : (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सूचना प्राप्त भएपछि गरिने लेखाजोखा, उद्धार कार्यको निर्णय, उद्धार कार्यको तयारी, उद्धार कार्य, बालबालिकाको अस्थायी संरक्षण लगायतका कार्यको गोपनीयता कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको गोपनीयता कायम गर्नु, गराउनु उप-महानगरपालिका, समिति, बालकल्याण अधिकारी, उद्धार टोली र बालउद्धार कार्यदलको दायित्व हुनेछ ।

(३) बालबालिकाको संवेदनशीलताको सम्मान गर्दै उद्धार कार्य सम्पन्न भएपछि आधिकारिक व्यक्तिले मात्र तत्सम्बन्धी सूचना सम्प्रेषण गर्नुपर्नेछ ।

**१९. <u>अनुगमन गर्नुपर्ने</u>** :(१) यस परिच्छेद बमोजिम प्रदान गरिएको सेवा, सेवाको प्रबन्ध, सेवाको गुणस्तर लगायतका विषयमा समितिले कम्तीमा वर्षको एक पटक अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्न, गराउन समितिले आवश्यक रूजुसूची (चेकलिष्ट) बनाई लागु गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिमको अनुगमन प्रतिवेदन समितिमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ४

**बाल क्लब तथा बाल क्लब सञ्जालसम्बन्धी व्यवस्था**

**२०. बाल क्लब गठन गर्न सकिने** : (१) बाल अधिकारको प्रचलन गर्न, बाल संरक्षणका लागि कार्य गर्न तथा आफ्नो सरोकारको विषयमा समूहमा मिलेर कार्य गर्न बालबालिकाले बाल क्लब गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम बाल क्लब गठन गर्दा १८ वर्ष उमेर नपुगेका बालबालिका सामूहिक रूपमा भेला भई निर्णय गरेर समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृत/विषयगत बाल क्लबको गठन गर्न सक्नेछन् ।

(३) बाल क्लब गठन गर्दा भिन्न उमेर, लिङ्ग, जातजाति, अपाङ्गता भएका बालबालिका लगायत स्थानीय समाजको सामाजिक तथा सांस्कृतिक विविधता समावेश हुने गरी गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास विषय वा समूहका बालबालिकालाई मात्र सदस्य बनाई विशिष्टीकृत/विषयगत बाल क्लब गठन गर्न बाधा पुगेको मानिने छैन ।

(५) उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने प्रत्येक विद्यालयमा एक बाल क्लब गठन गर्न उप-महानगरपालिका अन्तर्गतको शिक्षा शाखाले सहजीकरण गर्नुपर्नेछ ।

(६) बाल क्लबमा आवद्ध सबै बालबालिका बाल क्लबको साधारण सदस्यका रूपमा रहनेछन् ।

(७) समुदायमा आधारित बाल क्लबको हकमा सम्बन्धित वडा कार्यालयले, विद्यालयमा आधारित बाल क्लबको हकमा सम्बन्धित विद्यालयले र विशिष्टीकृत/विषयगत बाल क्लबको हकमा सहयोगी संस्था वा निकायले एकजना सहजकर्ता तोक्न सक्नेछ ।

(८) सामान्यतः बाल क्लबमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र सात जना सदस्य रहने गरी जम्मा एघार जनाको कार्यसमिति हुनेछ ।

तर, सो भन्दा कम संख्यामा बालबालिका रहेका कारण कम संख्याको कार्यसमिति गठन गर्न यस प्रावधानले बाधा पुगेको मानिने छैन ।

(९) बाल क्लबमा कार्यसमितिले निर्णय गरेबमोजिम आवश्यक संख्यामा सल्लाहकार रहन सक्नेछन् ।

(१०) बाल क्लबको कार्यसमितिका पदाधिकारी तथा कार्यकारी सदस्यको पदावधि दुई वर्षको हुनेछ र एक व्यक्ति एउटै पदमा एक कार्यकालभन्दा बढी रहन सक्ने छैन ।

(११) बाल क्लबको कार्यसमितिको बैठक प्रत्येक महिना कम्तीमा एकपटक बस्नुपर्नेछ ।

**२१. बाल क्लबको प्रकार :**

**बाल क्लब देहायबमोजिम तीन प्रकारका हुनेछन् :-**

(क) समुदायमा आधारित बाल क्लब - टोल, बस्ती वा वडाभित्रका कुनै स्थान विशेष वा भौगोलिक क्षेत्रमा बसोबास गर्ने बालबालिकालाई समेटेर गठन भएका बाल क्लबलाई समुदायमा आधारित बाल क्लब मानिनेछ ।

(ख) विद्यालयमा आधारित बाल क्लब - विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर सोही विद्यालयमा गठन भएको बाल क्लबलाई विद्यालयमा आधारित बाल क्लब मानिनेछ ।

(ग) विशिष्टीकृत/विषयगत बाल क्लब - विशिष्टीकृत/विषयगत बाल क्लबसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(अ) बाल अधिकार तथा बालसंरक्षणसंग सम्बन्धित कुनै खास विषय जस्तै बालिकाहरूका सवाल, स्वास्थ्य, बातावरण, बालश्रम आदिमा केन्द्रित भई कार्य गर्ने गरी समुदायमा गठन भएका बाल क्लबलाई विषयगत बाल क्लब मानिनेछ ।

(आ) उप-महानगरपालिकाभित्र रहेका अन्तर्राष्ट्रिय रूपमा स्थापित स्काउट, जुनियर रेडक्रस सर्कल, लियो क्लब, लगायत स्वयंसेवी बालसमूहलाई समेत विशिष्टीकृत बाल क्लब मानिनेछ ।

(इ) उप-महानगरपालिकाभित्र रहेका बालगृहहरूमा अनिवार्य रूपमा बाल क्लब गठन गर्नु पर्नेछ, त्यस्तो बाल क्लबलाई विशिष्टीकृत बाल क्लब मानिनेछ ।

(ई) खण्ड (अ) र (इ) बमोजिमको बाल क्लवको स्थापना तथा सञ्चालन समुदायमा आधारित बाल क्लब सरह हुनेछ भने खण्ड (आ) बमोजिमको बाल क्लबको गठन, व्यवस्थापन तथा सञ्चालन सम्बन्धित संस्थाको स्वीकृत विधान वा स्थापित मान्यता बमोजिम हुनेछ ।

**२२. <u>वडा बाल क्लब सञ्जाल र नगर बाल क्लब सञ्जाल गठन गर्न सकिने</u> :** (१) उप-महानगरपालिका अन्तर्गतका वडा क्षेत्रलाई समेटिने गरी वडाहरुमा वडा स्तरीय बाल क्लब तथा सञ्जाल र उप-महानगरपालिकामा नगर स्तरीय बाल क्लब सञ्जाल गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको वडा बाल क्लब सञ्जालको गठन देहाय बमोजिम हुनेछ :

(क) वडामा गठन भई स्थानीय तहमा दर्ता तथा नवीकरण भएका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृत/विषयगत बाल क्लबहरुबाट एक जना बालिकासहित लैङ्गिक समावेशी पद्धति अपनाई जम्मा दुई/तीन जना प्रतिनिधिलाई आमन्त्रण गरी बाल भेला आयोजना गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको भेलामा वडाभित्रका बहुमत संख्यामा बाल क्लबको प्रतिनिधित्व भई उपस्थित प्रतिनिधिको बहुमतले निर्णय गरेमा वडा बाल क्लब सञ्जालको गठन गर्न सकिनेछ ।

(ग) वडा बाल क्लब सञ्जालको कार्यसमितिको संरचना देहाय बमोजिम हुनेछः

(१) एक जना अध्यक्ष

(२) एक जना उपाध्यक्ष

(३) एक जना सचिव

(४) एक जना सह-सचिव

(५) सात जना सदस्य

(घ) वडा बाल क्लब सञ्जालको कार्यसमितिमा अध्यक्ष र उपाध्यक्ष मध्ये एक, सचिव र सह-सचिव मध्ये एक र सात जना सदस्यमा कम्तीमा ५० प्रतिशत बालिका हुनुपर्नेछ ।

(ङ) वडा बाल क्लब सञ्जालको पदाधिकारी तथा कार्यकारी सदस्यको चयन गर्दा लैङ्गिक तथा सामाजिक समावेशी पद्धति अवलम्बन गर्दै यथासम्भव सहमतिमा गर्न र त्यसो हुन नसकेमा लोकतान्त्रिक प्रक्रिया अपनाई निर्वाचन गर्नुपर्नेछ ।

(च) वडा बाल क्लब सञ्जालमा कार्यसमितिले निर्णय गरेबमोजिम आवश्यक संख्यामा सल्लाहकार रहन सक्नेछन् ।

(छ) वडा बाल क्लब सञ्जालको सहजीकरण गर्न वडा समितिले बाल क्लब सहजकर्ता तोक्न सक्नेछ ।

(ज) वडा बाल क्लब सञ्जालको कार्यसमितिको बैठक प्रत्येक महिना कम्तीमा एक पटक बस्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको नगर बाल क्लब सञ्जालको गठन देहायबमोजिम हुनेछ :

(क) नगर बाल क्लब सञ्जालको गठन गर्ने प्रयोजनको लागि उप-महानगरपालिकाका सबै वडाका वडा बाल क्लब सञ्जालबाट एक जना बालिकासहित लैङ्गिक समावेशी पद्धति अपनाई जम्मा दुई/तीन जना प्रतिनिधित्व हुने गरी नगर स्तरीय बाल भेलाको आयोजना गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको नगर बाल भेलामा उपस्थित प्रतिनिधिको बहुमतको निर्णयबाट नगर स्तरीय बाल क्लब सञ्जाल गठन गरिनेछ ।

(ग) नगर बाल क्लब सञ्जालको कार्यसमितिको संरचना देहाय बमोजिम हुनेछ, कार्यसमितिमा प्रत्येक वडा बाल क्लब सञ्जालको प्रतिनिधित्व हुनुपर्नेछ ।

(१) एक जना अध्यक्ष

(२) एक जना उपाध्यक्ष

(३) एक जना सचिव

(४) एक जना सह-सचिव

(५) पच्चीस जना सदस्य

(घ) नगर बाल क्लब सञ्जालको कार्यसमितिमा अध्यक्ष र उपाध्यक्षमध्ये एक, सचिव र सह-सचिव मध्ये एक र पच्चीस जना सदस्यमा कम्तीमा ५० प्रतिशत बालिका हुनुपर्नेछ ।

(ङ) नगर बाल क्लब सञ्जालको पदाधिकारी तथा कार्यकारी सदस्यको चयन गर्दा लैङ्गिक तथा सामाजिक समावेशी पद्धति अवलम्बन गर्दै यथासम्भव सहमतिमा गर्न र त्यसो हुन नसकेमा लोकतान्त्रिक प्रक्रिया अपनाई निर्वाचन गर्नुपर्नेछ ।

च) नगर बाल क्लब सञ्जालमा कार्यसमितिले निर्णय गरेबमोजिम आवश्यक संख्यामा सल्लाहकार रहन सक्नेछन् ।

(छ) नगर बाल क्लब सञ्जालको सहजीकरण गर्न सम्बन्धित शाखाले बाल क्लब सहजकर्ता तोक्न सक्नेछ ।

(ज) नगर बाल क्लब सञ्जालको कार्यसमितिको बैठक प्रत्येक वर्ष कम्तीमा दुई पटक बस्नुपर्नेछ ।

(४) बाल क्लब सहजकर्तालाई बाल अधिकार, बालसंरक्षण, बाल सहभागिता र बाल क्लब सम्बन्धी आधारभूत तालिम दिनुपर्नेछ । बाल क्लबका सहजकर्ता चयन गर्दा सहजीकरण सीप भएको र सम्भव भएसम्म बाल क्लबको पूर्व सदस्यलाई प्राथमिकता दिनुपर्नेछ ।

(५) वडा बाल क्लब सञ्जाल वा नगर बाल क्लब सञ्जालले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ । यस्तो उपसमितिमा आवश्यक संख्यामा सदस्य रहन सक्नेछन् ।

(६) वडा बाल क्लब सञ्जाल वा नगर बाल क्लब सञ्जालको कार्यसमितिका पदाधिकारी तथा कार्यकारी सदस्यको पदावधि दुई वर्षको हुनेछ र एक व्यक्ति एउटै पदमा एक कार्यकाल भन्दा बढी रहन सक्ने छैन ।

**२३. <u>बाल क्लब र बाल क्लब सञ्जालको दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था</u>** : (१) बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको दर्ता देहायबमोजिम हुनेछ-

क) उप-महानगरपालिका भित्र गठन भएका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृत/विषयगत बाल क्लब, वडा बाल क्लब सञ्जाल तथा नगर बाल क्लब सञ्जालको दर्ता उप-महानगरपालिकामा गर्नु पर्नेछ, यस्ता बाल क्लबहरूको अभिलेख स्थानीय बाल अधिकार समितिमा र सम्बन्धित वडा कार्यालयमा रहनेछ ।

(ख) बाल क्लब तथा बाल क्लब सञ्जालको दर्ता गर्न अनुसूची-४ मा तोकिएको विवरण एवम् कागजात सहित उप-महानगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको निवेदन पेस हुन आएमा जाँचबुझ गरी उप-महानगरपालिकाले बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको दर्ता गरी, अनुसूची-५ बमोजिमको दर्ता किताबमा विवरण दाखिला गर्नुपर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम दर्ता किताबमा विवरण दाखिला भएका बाल क्लबलाई अनुसूची-६ बमोजिमको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको नवीकरण देहाय बमोजिम हुनेछ :

(क) बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको नवीकरण प्रत्येक वर्ष गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम नवीकरणको लागि बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालले दर्ताको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र अनुसूची-७ मा तोकिएको विवरण खुलाई सम्बन्धित वडा कार्यालय वा उप-महानगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम निवेदन पेश हुन आएमा उप-महानगरपालिकाले आवश्यक जाँचबुझ गरी बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको नवीकरण गरिदिई तत्सम्बन्धी अभिलेख दुरूस्त राख्नुपर्नेछ ।

(३) सम्बन्धित वडा कार्यालयले विधिपूर्वक दर्ता/नवीकरण भई आफ्नो वडाभित्र सञ्चालनमा रहेका बाल क्लब तथा वडा बाल क्लब सञ्जालको अभिलेख अद्यावधिक गरी दुरूस्त राख्नुपर्नेछ ।

(४) उपदफा (२) (ग) र (३) बमोजिमको विवरण सम्बन्धित वडा कार्यालय तथा शाखाले प्रत्येक वर्ष समिति समक्ष पेस गर्नुपर्नेछ ।

(५) समितिले नगर भित्रका बाल क्लब तथा बाल क्लब सञ्जालहरुको विवरण वार्षिक रूपमा परिषद्मा पठाउनुपर्नेछ ।

**२४. <u>शुल्क वा दस्तुर नलाग्ने तथा दर्ता प्रकृयामा आवश्यक सहजीकरण गर्ने</u> :** (१) उप-महानगरपालिकाले बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको दर्ता तथा नवीकरण गर्दा कुनै किसिमको शुल्क, दस्तुर तथा जरिवाना नलिई निःशुल्क गरिदिनुपर्नेछ ।

(२) उप-महानगरपालिका क्षेत्रभित्र रहेका विद्यालय, सम्बन्धित संस्था, वडा कार्यालय र शाखाले बाल क्लब तथा वडा बाल क्लब सञ्जाल वा नगर बाल क्लब सञ्जालको दर्ता तथा नवीकरण प्रकृयामा आवश्यक सहजीकरण गरिदिनुपर्नेछ ।

(३) उप-महानगरपालिका क्षेत्रभित्र गठन तथा दर्ता हुन चाहने बाल क्लबहरूका निम्ति समितिले नमूना विधान तर्जुमा गर्नुपर्नेछ ।

**२५. बालसभा आयोजना गर्ने :** (१) उप-महानगरपालिकाले बालबालिका, बालक्लब तथा वडा बाल क्लब सञ्जाल र नगर बाल क्लब सञ्जालका प्रतिनिधि समेत आमन्त्रण गरी प्रत्येक वर्ष नगर स्तरीय बालसभाको आयोजना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बालसभाको आयोजना गर्दा नगर बाल क्लब सञ्जालका पदाधिकारीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गराउनुपर्नेछ ।

(३) नगर स्तरीय बालसभामा उप-महानगरपालिका क्षेत्रभित्रका प्रत्येक वडा बाल क्लब सञ्जालबाट अध्यक्षसहित दुई जनाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिनिधित्व गर्दा विशिष्टीकृत तथा विषयगत बाल क्लबका बालबालिकाको समेत समावेशी प्रतिनिधित्व रहने गरी गर्नुपर्नेछ ।

(५) नगर स्तरीय बालसभाको उद्देश्य बालबालिकाको अर्थपूर्ण सहभागिताका माध्यमबाट उप-महानगरपालिकाको नीति, कार्यक्रम तथा बजेटमा बालसंरक्षण तथा बाल अधिकार प्रवर्द्धन गर्नु हुनेछ ।

(६) नगर स्तरीय बालसभाको सञ्चालन प्रकृया तथा पद्धति समितिले तोकेबमोजिम हुनेछ ।

(७) यस दफा बमोजिमको बालसभाको आयोजना वडास्तरमा समेत वडा बाल अधिकार समितिले तोकेको ढाँचामा गर्न सकिनेछ ।

**२६. बाल क्लब तथा वडा बाल क्लब सञ्जाल र नगर बाल क्लब सञ्जालको काम, कर्तव्य र अधिकार** :

(१) बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको काम, कर्तव्य र अधिकार प्रचलित कानूनमा उल्लेख भएका व्यवस्थाका अतिरिक्त देहायबमोजिम हुनेछ-

(क) बालबालिकाको आफ्नो रुचि बमोजिमको बाल क्लबमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने,

(ख) विभिन्न सिर्जनात्मक क्रियाकलाप तथा कार्यक्रमहरूको सञ्चालन गरी बालबालिकाको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्न सघाउने,

(ग) बाल अधिकार, बालसंरक्षण, जीवनोपयोगी सीप, किशोरावस्थामा आउने परिवर्तन तथा त्यसको व्यवस्थापन, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार तथा व्यक्तित्व विकाससंग सम्बन्धित तालिममा सहभागिता गर्ने गराउने,

(घ) बाल क्लब तथा वडा बाल क्लब सञ्जाल वा नगर बाल क्लब सञ्जालको तर्फबाट बाल अधिकारसंग सम्बन्धित विशेष अभियान तथा कार्य प्रभावकारी रूपले सम्पन्न गर्न विभिन्न उपसमितिको गठन गरी पदाधिकारी तथा सदस्यका बिचमा कार्य विभाजन गरी काम गर्ने, गराउने,

(ङ) कुनै बालबालिकाको अधिकार हनन तथा कुनै प्रकारको हिंसा, दुर्व्यवहार, शोषण लगायतका हानि नहोस् भनी रोकथाम गर्नका लागि सम्बन्धित निकाय वा सरोकारवालाको ध्यान आकृष्ट गराउने र बाल अधिकार

हननका घटनाविरूद्ध बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको तर्फबाट पहल तथा पैरवी गर्ने, कुनै घटना घटेमा त्यसबारे सम्बन्धित निकायमा उजुरी गरी त्यसको सम्बोधनका लागि सघाउने,

(च) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ-संस्कृति आदिको संरक्षणका लागि आवाज उठाउने ।

(२) उप-महानगरपालिकाले बाल सहभागिता प्रवर्द्धन गर्दा देहायका कार्य गर्न, गराउन रोक लगाउन सक्नेछ-

(क) बालबालिकाको अध्ययनमा लगातार बाधा पुग्नेगरी कार्यक्रम सञ्चालन गर्न वा त्यस्तो कार्यक्रममा बालबालिकालाई सहभागी गराउन,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुर्याउने खालका कुनै गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन,

(ग) बालबालिकाको हितविपरीत र्‍याली, जुलुस, सभामा सहभागी गराउन,

(घ) कुनै राजनीतिक दल वा तिनका भातृ सङ्गठनको पक्षपोषण गर्न वा विरोध गर्न, गराउन,

(ङ) समाजमा शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य कारणले विद्यालय, सरकारी निकाय, उप-महानगरपालिका तथा सुरक्षा निकायले रोक लगाएका कार्य गर्न, गराउन ।

**२७. बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको आर्थिक दायित्व** : (१) बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालले परियोजना सञ्चालन गर्ने, आर्थिक कारोबार गर्ने र लेनदेन सम्बन्धी व्यवहार गर्नुहुँदैन ।

(२) कुनै व्यक्ति वा संस्थाले बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जाललाई आर्थिक दायित्व दिनुहुँदैन ।

(३) उपदफा (२) मा जे सुकै व्यवस्था भए तापनि बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जाललाई आर्थिक दायित्व नपर्ने गरी निःशर्त अनुदान उपलब्ध गराउन भने बाधा पर्ने छैन ।

(४) बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जाललाई कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने सामुदायिक संस्था, विद्यालय, वडा कार्यालय वा अन्य निकायले आर्थिक दायित्व वहन गर्ने गरी कार्य सम्झौता गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम जिम्मेवारी पाएको सामुदायिक संस्था, विद्यालय, वडा कार्यालय वा अन्य निकायले तोकिएको लेखा प्रणाली बमोजिम लेखा दुरुस्त राख्नुपर्नेछ ।

**२८. प्रोत्साहन/पुरस्कारको व्यवस्था** : उप-महानगरपालिकाले बाल सहभागिताको विषयमा उल्लेखनीय योगदान दिने बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जाललाई प्रोत्साहन/पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**२९. सम्पर्क स्थानको व्यवस्था गर्नुपर्ने** : (१) बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको नियमित बैठक बस्ने, सामुहिक भेटघाट गर्ने, छलफल गर्ने, कार्यक्रमको पूर्व तयारी तथा गतिविधि सञ्चालन गर्न सम्पर्क स्थान तोक्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्पर्क स्थान तोक्ने कार्यका लागि बाल क्लबका हकमा सम्बन्धित विद्यालय वा संस्था, वडा बाल क्लव सञ्जालका हकमा वडा कार्यालय र नगर बाल क्लब सञ्जालका हकमा समिति जिम्मेवार रहनेछ ।

**३०. <u>बाल क्लब तथा बालक्लव सञ्जाल विघटन वा खारेज हुन सक्ने</u> :** (१) देहायको अवस्थामा बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जाल विघटन भएको मानिनेछ -

(क) लगातार दुई वर्षसम्म नवीकरण नगरेमा,

तर, त्यसरी नवीकरण नभएका बाल क्लब तथा सञ्जाललाई विघटन गर्नुअघि तीन महिनाको समय दिई अद्यावधिक विवरण पेस गरी नवीकरण गर्न सूचित गर्नुपर्नेछ ।

(ख) बहुमत सदस्यले बाल क्लब वा सञ्जालको विघटन गर्ने निर्णय गरी वडा तथा उप-महानगरपालिकामा निवेदन दिएमा ।

(२) उपदफा (१) बमोजिम बाल क्लब वा वडा वा नगर बाल क्लब सञ्जालको दर्ता खारेज गर्नुअघि समितिले एक उपसमिति वा कार्यटोली गठन गरी वस्तुस्थिति अध्ययन गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको उपसमिति वा कार्यटोलीले दिएको लिखित प्रतिवेदन समेतका आधारमा समितिले निर्णय गरी बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको दर्ता खारेज गर्न सक्नेछ ।

(४) विघटन भएका बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालको विवरण उप-महानगरपालिकाको दर्ता किताबबाट स्वतः हट्नेछ ।

(५) विघटन भएका बाल क्लब तथा वडा वा नगर बाल क्लब सञ्जालका सम्पत्ति तथा दस्तावेज सम्बन्धित विद्यालय, वडा तथा उप-महानगरपालिकाले जिम्मा लिनेछ। त्यस्तो सम्पत्ति तथा दस्तावेज अर्को बाल क्लब गठनको प्रयोजनमा उपयोग गर्न सकिनेछ ।

## परिच्छेद - ५

## बाल अधिकार समितिसम्बन्धी व्यवस्था

**३१. <u>स्थानीय बाल अधिकार समितिको गठन</u>** : (१) स्थानीय बाल अधिकार समितिको गठन देहायबमोजिम हुनेछ-

| | |
|---|---|
| (क) उपप्रमुख | -अध्यक्ष |
| (ख) उप-महानगरपालिका सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) कार्यपालिका सदस्यहरूबाट उपप्रमुखले तोकेको महिला सहित दुई जना सदस्य | -सदस्य |
| (ङ) राष्ट्रिय बाल अधिकार परिषद्को प्रदेश समन्वय अधिकृत | -सदस्य |
| (च) कानून अधिकृत/सल्लाहकार | -सदस्य |
| (छ) स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| (ज) शिक्षा शाखाको प्रमुख | -सदस्य |
| (झ) उप-प्रमुखले तोकेको माध्यमिक विद्यालयका प्र.अ. मध्ये १ जना | -सदस्य |

(झ) उप-महानगरपालिकाको भौगोलिक क्षेत्रभित्र पर्ने नेपाल प्रहरीको कार्यालय प्रमुख वा प्रतिनिधि १ जना -सदस्य

(ञ) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्ये १ जना महिला सहित २ जना - सदस्य

(ट) स्वास्थ्य शाखाले तोकेको विशेषज्ञ बाल चिकित्सक १ जना -सदस्य

(ठ) नगर बाल क्लब सञ्जालले तोकेको सदस्य मध्ये बालिका सहित २ जना -सदस्य

(ड) सूचीकृत बालमनोविज्ञ र सूचीकृत समाजसेवी गरी २ जना -सदस्य

(ढ) बालकल्याण अधिकारी -सदस्य सचिव

(२) पदीय हैसियतमा समितिको सदस्यमा मनोनयन भएका कुनै पनि सदस्य मनोनयनका बखत बहाल रहेको पदमा नरहेमा निज समितिको सदस्य रहने छैनन् ।

(३) उपदफा (२) बमोजिम वा अन्य कुनै कारणबाट समितिको सदस्य पद रिक्त भएमा सोको यथाशीघ्र पदपूर्ति गरिनेछ । तर, त्यस्तो पदपूर्ति नभएकै कारण समितिको काम कारवाहीमा बाधा पुग्ने छैन ।

(४) उपदफा (१) को खण्ड (ठ) बमोजिमका प्रतिनिधि १८ वर्ष उमेर पूरा भएमा समितिको सदस्य रहने छैनन् । यसरी प्रतिनिधि रिक्त भएमा उप-महानगर बाल क्लब सञ्जालले छनौट गरी पठाएको प्रतिनिधि समितिको सदस्यको रूपमा रहनेछन् ।

**३२. <u>समितिको बैठकसम्बन्धी व्यवस्था</u>** :

(१) समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । तर, समितिले आवश्यक ठानेमा जुनसुकै बेला समितिको बैठक बस्न सक्नेछ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचनासहित बैठकमा छलफल हुने विषयको सूची तीन दिन अगावै समितिका सदस्यलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकमा आवश्यकताअनुसार बाल अधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, सङ्घसंस्थाका प्रतिनिधि एवम् पेशागत विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।
तर, त्यसरी आमन्त्रित विज्ञले समितिको निणर्यमा मत दिन वा मतदान गर्न पाउने छैन ।

(८) समितिको बैठकको निर्णय समितिका सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(१०) समितिको बैठक तथा सञ्चालन खर्च सम्बन्धी व्यवस्था उप-महानगरपालिकाको नियमानुसार हुनेछ ।

**३३. <u>स्थानीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार</u> :**

(१) समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) प्रचलित कानून बमोजिम बालबालिकाको हक अधिकार तथा बाल संरक्षण सम्बन्धी प्रावधानको कार्यान्वयन गर्ने एवम् बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगर कार्यपालिकालाई सुझाव दिने,

(ख) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृतिका लागि उप-महानगरपालिकामा पेस गर्ने,

(ग) उप-महानगरपालिका क्षेत्रभित्रका सबै बालबालिका (जोखिमपूर्ण अवस्थामा रहेका, विशेष संरक्षण तथा हेरचाहको आवश्यकता भएका बालबालिका सहित) को तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने र अभिलेखीकरण तथा व्यवस्थापन गरी सूचना प्रणालीको विकास गर्ने,

(घ) संकलित तथ्याङ्कको आधारमा बालबालिकाको हकहित संरक्षणका लागि लक्षित तथा विशेष कार्यक्रम, योजना तयार गरी लागु गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने, तथा उप-महानगरपालिकाको कार्यक्रममा बालबालिकाको विषयलाई समावेश गर्न पैरवी गर्ने,

(ङ) विशेष संरक्षण तथा हेरचाहको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण र संवर्द्धन एवम् वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र अनुगमन गर्ने

(च) यस कार्यविधिको दफा १६ को उपदफा (५) बमोजिमको विवरण लिने र रोजगारदाता सूचीकरण सम्बन्धी कार्यका लागि वडा बाल अधिकार समितिलाई सहजीकरण गरी तथ्याङ्क र विवरणको अभिलेखीकरण गर्ने,

(छ) उप-महानगरपालिकाले सञ्चालन गरेका तथा उप-महानगरपालिकाभित्र सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा, पुनर्स्थापना केन्द्र लगायतमा संरक्षित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिता बारे अनुगमन तथा निरीक्षण गरी उप-महानगरपालिकामा प्रतिवेदन पेस गर्ने,

(ज) उप-महानगरपालिकामा बालबालिका सम्बन्धी तथ्याङ्क, बाल अधिकारबारे भए, गरिएका कार्य तथा प्रगति समेत समावेश गरी वार्षिक रूपमा बालबालिकाको स्थिति-पत्र प्रकाशन गर्न नगर कार्यपालिकालाई सघाउने,

(झ) उप-महानगरपालिका क्षेत्रभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा लगायत सबै प्रकारका बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण गर्ने

(ञ) उप-महानगरपालिका क्षेत्रभित्र बालसंरक्षण प्रणालीको विकास तथा व्यवस्थापन गर्न नीतिगत, संस्थागत, भौतिक पूर्वाधारको प्रबन्ध गर्ने,

(ट) उप-महानगरपालिका क्षेत्रभित्रका श्रमिक बालबालिका, सडकमा आश्रित बालबालिका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनर्स्थापना र व्यवस्थापन गर्ने, गराउने,

(ठ) हिंसा, दुर्व्यवहारका घटनाबाट पीडित बालबालिकाको तत्काल उद्धार, संरक्षण, पुनर्स्थापना गर्न एवम् आवश्यकतानुरूप कानूनी कारवाही गर्न सहयोग एवम् समन्वय गर्ने,

(ड) बाल अधिकार हनन् बारे आमसञ्चार लगायत कुनै पनि माध्यमबाट प्राप्त सूचना जानकारी, उजुरीबारे छानबिन गरी सोको सम्बोधन गर्न सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवम् पीडित तथा प्रभावितलाई सहयोग तथा समन्वय गर्ने, गराउने,

(ढ) उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालित बालबालिका सम्बन्धी सेवा तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सम्बन्धित सञ्चालक, व्यवस्थापक तथा सरोकारवालाहरुलाई सुझाव दिने,

(ण) बालबालिका सम्बन्धी वार्षिक तथा आवधिक योजना, विशेष कार्यक्रमको कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र निरीक्षण गरी उप-महानगरपालिका समक्ष आगामी दिनमा गरिनु पर्ने कार्यको सुझाव सहित प्रतिवेदन पेस गर्ने,

(त) बालमैत्री स्थानीय शासन अवलम्बन गर्न तथा बालमैत्री वडा तथा उप-महानगरपालिका घोषणा गर्न नगर कार्यपालिकालाई प्राविधिक सहयोग उपलब्ध गराउने र सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्न कार्ययोजना बनाई नगर कार्यपालिका समक्ष पेस गर्ने,

(थ) उप-महानगरपालिका भित्र बालबालिकाका क्षेत्रमा काम गर्ने अन्य निकाय तथा संस्थाबीच कार्यगत एकरूपता विकास गर्न एकीकृत कार्ययोजना बनाई लागु गर्ने,

(द) उप-महानगरपालिकाभित्र हुनसक्ने विपद् तथा महामारीबाट पीडित तथा प्रभावित बालबालिकाको आकस्मिक उद्धार, राहत, संरक्षण तथा व्यवस्थापन गर्न सहयोग गर्ने, गराउने,

(ध) उप-महानगरपालिकाभित्रका बाल क्लब गठन तथा दर्ता र बालक्लब सञ्जाल गठन तथा पुनर्गठनका लागि आवश्यक सहजीकरण तथा व्यवस्थापन गर्ने,

(न) संघीय तथा प्रदेश सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरु लागु गरी बालमैत्री विद्यालय, बालमैत्री वडा तथा बालमैत्री स्थानीय तह अवलम्बन गर्न सहजीकरण गर्ने,

(प) समितिको बैठकका निर्णयका साथै समितिबाट सम्पन्न गरिएका काम कारवाहीको अभिलेख दुरूस्त राख्ने,

(फ) नगर कार्यपालिकाले तोकेका बालबालिका सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

(ब) बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि प्रदेश बाल अधिकार समिति तथा परिषद्संग समन्वय र सहकार्य गर्ने

(भ) उप-महानगरपालिका एवम् प्रचलित कानूनबाट बालअधिकार संरक्षण तथा संवर्द्धनमा निर्देशित अन्य कार्यहरु गर्ने गराउने ।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार बालकल्याण अधिकारी वा उपसमिति वा कार्य टोलीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३४. <u>उपसमिति वा कार्यटोली गठन गर्न सक्ने</u>** :

(१) समितिले आफूले गर्नुपर्ने कुनै विषेश काम सुचारू रूपले सञ्चालन गर्नको निमित्त विषय विज्ञ, बाल विशेषज्ञ वा बाल मनोविज्ञ, समाजसेवी वा सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल क्लब सञ्जालका प्रतिनिधि तथा बाल अधिकार अभियन्ता समेत समावेश गरी उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपसमिति वा कार्यटोली गठन गर्दा उक्त उपसमिति वा कार्यटोलीको कार्यादेश (काम, कर्तव्य र अधिकार) र अवधि तोक्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यटोलीका संयोजक वा सदस्य काममा खटिए बापत पाउने भत्ता वा पारिश्रमिक वा सेवासुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

**३५. <u>बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशन गर्नुपर्ने</u> :**

(१) समितिले प्रत्येक वर्ष समितिको निर्णय बमोजिमका सूचना तथा विवरण संलग्न गरी बालबालिकाको स्थिति प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) स्थिति प्रतिवेदनमा बालबालिकाको वैयक्तिक पहिचान खुलाउँदा निजको गोपनीयताको अधिकार उल्लङ्घन नहुने गरी विवरण प्रकाशन गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिमको प्रतिवेदन वार्षिक रूपमा नगर कार्यपालिका, प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषद्मा पठाउनुपर्नेछ। साथै, प्रतिवेदनको विद्युतीय प्रति उप-महानगरपालिकाको वेब पेजमार्फत सार्वजनिक गर्नु पर्नेछ ।

**३६. <u>वडा बाल अधिकार समिति</u>** : (१) उप-महानगरपालिकाको प्रत्येक वडामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गर्न वडा बाल अधिकार समिति गठन गर्नुपर्नेछ ।

(२) वडा बाल अधिकार समितिमा देहायबमोजिमको अध्यक्ष र सदस्य रहनेछन् :

(क) वडा अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिले तोकेको वडा सदस्य महिला सहित २ जना -सदस्य

(ग) वडामा रहेका विद्यालयका प्रधानाध्यापक वा बाल संरक्षण फोकल शिक्षक मध्येबाट १ जना महिला सहित वडा समितिले मनोनित गरेको २ जना शिक्षक -सदस्य

(घ) बाल मनोविज्ञ/समाजसेवी/बालअधिकारकर्मी मध्येबाट बडा समितिले मनोनित गरेको २ जना -सदस्य

(ङ) वडा तहमा बालबालिकाको हक अधिकार प्रवर्द्धन एवम् बाल संरक्षणका क्षेत्रमा क्रियाशील संस्था वा अभियन्ता मध्येबाट १ जना महिलासहित वडा समितिले मनोनित गरेको २ जना -सदस्य

(च) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट वडा समितिले मनोनित गरेको १ जना -सदस्य

(छ) वडा तहमा रहेको प्रहरी कार्यालयका प्रमुख वा निजले
तोकेको अधिकृत प्रतिनिधि -सदस्य
(ज) वडा बाल क्लब सञ्जालका अध्यक्ष सहित सञ्जालले छनौट गरेको २ जना -सदस्य
(झ) वडा सचिव -सदस्य सचिव

**३७. <u>वडा बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था</u>** : (१) वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिमको हुनेछ **-**

(क) बैठक कम्तीमा दुई महिनामा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । तर, वडा बाल अधिकार समितिले आवश्यक ठानेमा जुनसुकै बेला बैठक बस्न सक्नेछ ।

(ख) वडा बाल अधिकार समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ । सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयको सूची तीन दिन अगावै वडा बाल अधिकार समितिका सदस्यलाई उपलब्ध गराउनुपर्नेछ ।

(ग) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकमा उपस्थित सदस्यको बहुमतको निणर्यलाई बैठकको निर्णय मानिनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(ङ) बैठकको अध्यक्षता वडा बाल अधिकार समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(च) वडा बाल अधिकार समितिको बैठकमा आवश्यकता अनुसार बाल अधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, सघसंस्थाका प्रतिनिधि एवम् पेसागत विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(छ) वडा बाल अधिकार समितिको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी सदस्य सचिवले अभिलेख राख्नेछ ।

(ज) वडा बाल अधिकार समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(झ) समितिको बैठक तथा सञ्चालन खर्च प्रचलित नियमानुसार हुनेछ ।

(ञ) वडा कार्यालयले वडा बाल अधिकार समितिको सचिवालयको रूपमा कार्य गर्नेछ ।

**३८. <u>वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार</u> :** वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) वडाभित्रका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने,

(ख) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन गर्ने तथा अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ग) वडाको योजना तर्जुमा तथा स्रोत विनियोजनका लागि बालबालिकाको विषयलाई प्राथमिकतामा राख्न तथा वडाबाट प्रस्तावित हुने बालबालिकासम्बन्धी योजना, नीति र कार्यक्रम निर्माण गर्न वडा समितिलाई प्राविधिक सहयोग गर्ने, गराउने,

(घ) वडाभित्र आधारभूत तहको शिक्षा प्राप्त गर्ने उमेर समूह (अर्थात १३ वर्ष उमेर नपुगेका का सबै बालबालिका विद्यालयमा आएको, पढाइलाई निरन्तरता दिएको तथा कानून विपरीत बालबालिका श्रममा संलग्न भए/नभएको यकिन गर्न निरन्तर अनुगमन गर्ने, गराउने,

(ङ) वडा भित्र दफा १६ को उपदफा (५) बमोजिमको विवरण लिने र बालबालिकालाई श्रममा लगाउने रोजगारदाताको सूचीकरण सम्बन्धी कार्य गर्ने र सोसम्बन्धी अभिलेख समिति समक्ष पेश गर्ने,

(च) वडा तहमा बाल अधिकारका सचेतना र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) वडामा बाल संरक्षण तथा बाल अधिकारको प्रवर्द्धनका लागि सञ्चालित योजना तथा कार्यक्रमको कार्यान्वयनको स्थितिको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्दै प्रगति प्रतिवेदन वडा समिति तथा स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्ने,

(ज) सार्वजनिक सुनुवाइका समयमा वडाबाट सम्पन्न भएका बाल अधिकार सम्बन्धी कार्यको प्रगति विवरण सार्वजनिक गर्ने,

(झ) वडालाई बालमैत्री बनाउने प्रक्रियामा वडा समितिलाई सघाउने,

(ञ) बाल अधिकार हननका घटनाबारे आएका सूचना तथा उजुरीलाई उप-महानगरपालिकाको न्यायिक समिति वा अन्य सम्बन्धित निकायमा सिफारिस गरी पठाउने,

(ट) पीडित एवम् प्रभावित बालबालिकाको उद्धार, संरक्षणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने तथा समितिको निर्देशन अनुरूप कार्य गर्ने,

(ठ) वडा तहको योजना निर्माणमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न वडास्तरीय बाल भेला तथा बालसभा आयोजना गर्नुका साथै भेला तथा सभाको सहजीकरणमा सघाउने,

(ड) वडा बाल अधिकार समितिका बैठकका निर्णय एवम् सम्पन्न गरिएका कामकारवाहीको अभिलेख दुरूस्त एवम् सुरक्षित राख्ने,

(ड) स्थानीय बालअधिकार समिति तथा वडा समितिले तोकेका अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद - ६

## बालकल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञको व्यवस्था

**३९. <u>बालकल्याण अधिकारीको नियुक्ति</u>** : (१) उप-महानगरपालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुनेगरी उप-महानगरपालिकाको कर्मचारी पदपूर्ति प्रक्रिया अनुसार एक जना बालकल्याण अधिकारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्ति नभएसम्म उप-महानगरपालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा कुनै कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त बालकल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।

**४०. <u>बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार</u>** :

अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

ऐनमा भएका व्यवस्था तथा नियमावलीको नियम ८२ मा उल्लेख भएको काम, कर्तव्य तथा अधिकारको अतिरिक्त बालकल्याण अधिकारीको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) वडा बाल अधिकार समितिले रूजु गरी स्थानीय बाल अधिकार समिति समक्ष पठाएका रोजगारदाता सूचीकरण फाराम तथा दफा १६ उपदफा (५) अनुसारको विवरण फारामको अध्ययन गर्ने र प्रमाणीकरण गरी अभिलेख राख्ने ।

(ख) वडा बाल अधिकार समितिले पठाएका बाल अधिकारसम्बन्धी अभिलेखलाई सूचना प्रणालीमा व्यवस्थित रूपमा राख्ने ।

(ग) उप-महानगरभित्र सञ्चालित अस्थायी संरक्षण सेवा, पुनर्स्थापना केन्द्र र बालगृहको विवरण दुरूस्त राखी उप-महानगरपालिकाको अनलाइन प्रणालीमा अद्यावधिक गराउने ।

(घ) उप-महानगरपालिका क्षेत्रभित्र कुनै विदेशी बालबालिका जोखिममा परेको पाइएमा तिनको अवस्था सम्बोधन गर्न नेपाल सरकारको सम्बन्धित मन्त्रालयसंग पत्राचार गर्ने ।

(ङ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका प्रक्रियामा सहजीकरण गर्ने ।

(च) ऐनको दफा ४९ बमोजिम स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था गर्ने ।

**४१. समाजसेवी तथा बालमनोविज्ञको सूची तथा नियुक्ति** : (१) उप-महानगरपालिकामा रही समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न चाहने निर्धारित योग्यता पूरा गरेका व्यक्तिले सूचीकृत हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचीकरण तथा नियुक्ति ऐनको दफा ६२ र नियमावलीको नियम ८३ मा उल्लेख भएबमोजिम हुनेछ ।

## परिच्छेद ७

## बाल कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

**४२. बाल कोषको व्यवस्था** : (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने तथा क्षतिपूर्ति प्रदान गर्ने प्रयोजनको लागि उप-महानगरपालिकाले एक बाल कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाल कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :

(क) उप-महानगरपालिकाबाट बार्षिक रूपमा विनियोजित रकम,

(ख) बाल संरक्षणका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गैरसरकारी संघ संस्था, निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) उप-महानगरपालिकाको न्यायिक समितिबाट बालबालिका विरूद्ध हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(ङ) अन्य कुनै स्रोतबाट भएको आम्दानी वा प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानूनबमोजिम स्वीकृति लिनुपर्नेछ ।

**४३. <u>बाल कोष सञ्चालक समिति</u>** : (१) उप-महानगरपालिकामा बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछ :

(क) अध्यक्ष, स्थानीय बालअधिकार समिति -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कानून अधिकृत -सदस्य

(ग) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

(ङ) बालकल्याण अधिकारी -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार बाल अधिकार तथा बाल संरक्षणका क्षेत्रमा क्रियाशिल व्यक्ति, निकाय, संस्थाका प्रतिनिधि वा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**४४. <u>बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार</u>** : बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) जोखिमपूर्ण अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत उपलब्ध गराउने,

(ख) कुनै बालबालिका जोखिमपूर्ण अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) समितिसंग समन्वय गरी कोषको रकम खर्च गर्न वा सोको वितरणसम्बन्धी मापदण्ड बनाई लागु गर्ने,

(घ) स्वीकृत मापदण्डबमोजिम कोषको परिचालन गर्ने, गराउने र कोषको रकमको सदुपयोग गर्ने,

(ङ) बाल कोष सञ्चालक समितिबाट कार्यान्वयन भए गरिएका कार्यक्रमको अभिलेख राख्ने,

(च) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने,

(छ) कोषको आय व्ययको विवरण चौमासिक रूपमा समिति समक्ष प्रस्तुत गर्ने ।

**४५. <u>बाल कोष सञ्चालक समितिको बैठकसम्बन्धी व्यवस्था</u> :** (१) बाल कोष सञ्चालक समितिको बैठक आवश्यकताअनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) बाल कोष सञ्चालक समितिको बैठक बस्नुभन्दा चौबिस घण्टा अगावै सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूचीसहितको सूचना सबै सदस्यलाई दिनुपर्नेछ ।

(३) बाल कोष सञ्चालक समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(४) बाल कोष सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) बाल कोष सञ्चालक समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(६) बाल कोष सञ्चालक समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(७) जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नुपर्ने अवस्था भएमा बाल कोष सञ्चालक समितिको अध्यक्ष र सदस्य सचिवको सहमतिमा तत्काल आवश्यक रकम मापदण्ड बमोजिम खर्च गर्न सकिनेछ ।

तर, त्यस्तो खर्च रकम त्यसपछि लगत्तै बसेको बाल कोष सञ्चालक समितिको बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

**४६. <u>बाल कोषको उपयोग</u>** : (१) बाल कोषको उपयोग देहायबमोजिमको प्रयोजनका लागि गर्नुपर्नेछ :

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ग) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत, अस्थायी संरक्षण सेवा, मनोविमर्श सेवा, स्वास्थ्य उपचार, कानूनी सहयोग, शैक्षिक प्रबन्ध, क्षतिपूर्ति लगायतका सेवा प्रदान गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवारको खोजी गर्न, परिवार सुदृढीकरण गर्न, बालबालिकालाई परिवारमा पुनर्मिलन तथा पुनर्स्थापना गर्न, गराउन,

(ङ) बालबालिकाको हकहित सम्बन्धमा बाल कोष सञ्चालक समितिले तोकेबमोजिमको अन्य काममा रकम उपयोग गर्न, गराउन ।

(२) बाल कोषबाट सहयोग प्राप्त गर्नका लागि तोकेबमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

**४७. <u>बाल कोषको खर्चको सीमा</u>** : (१) बाल कोषको रकम देहायका अवस्थामा बाल कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछ :

(क) विशेष संरक्षणको आवश्यकता भएका वा जोखिमपूर्ण श्रमबाट उद्धार गरिएका बालबालिकामध्ये परिवारको आर्थिक अवस्था कमजोर भई जीविकोपार्जनमा नै समस्या भएको भनी वडा बाल अधिकार समितिबाट सिफारिस भई आएकोमा त्यस्तो परिवारलाई एकमुष्ट रू. ३०,००० (रू. तीस हजार) सम्मको अनुदान रकम,

(ख) हिंसापीडित बालबालिका तथा जोखिममा परेका बालबालिकालाई घरमा बसी उपचार गराउनुपर्ने भएमा अस्पताल आवतजावत समेतका लागि अधिकतम रू. १०,००० (रू. दश हजार) सम्मको अनुदान रकम,

(ग) हिंसापीडित बालबालिकालाई अस्पतालमा भर्ना गराई उपचार गराउनुपर्ने भएमा अस्पताल लैजाँदा र ल्याउँदाको सवारी साधनको भाडा, स्वास्थ्य परीक्षण र औषधी उपचार खर्चका लागि एकमुष्ट अधिकतम रू. २५,००० (रू. पच्चीस हजार) सम्मको अनुदान रकम,

(घ) हिंसापीडित बालबालिकाको न्यायका लागि अस्थायी संरक्षण सेवा, मनोविमर्श सेवा, यातायात खर्च वापत प्रति बालबालिका अधिकतम रू. १०,००० (रू. दश हजार) सम्मको अनुदान रकम,

(ङ) हिंसापीडित बालबालिकाको न्यायका लागि कानूनी सहायतामा लाग्ने खर्च वापत प्रति बालबालिका अधिकतम रू. १५,००० (रू. पन्ध्र हजार) सम्मको अनुदान रकम,

(च) जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाकाको अवस्था पहिचान गरी समितिले गठन गरेको कार्यदलको सिफारिसको आधारमा तत्काल राहत, अस्थायी संरक्षण, शैक्षिक प्रबन्ध, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण गर्नुपर्ने देखिएका बालबालिकाका लागि प्रति बालबालिका अधिकतम रू. १५,००० (रू. पन्ध्र हजार) सम्मको अनुदान रकम,

(छ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम उपलब्ध गराउन सक्नेछ ।

(ज) यस दफा बमोजिम तोकिएको रकमले अपुग हुने विशेष परिस्थितिमा बाल कोष सञ्चालक समितिले निर्णय गरी थप सहयोग रकम उपलब्ध गराउन सक्नेछ ।

(२) बाल कोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवम् प्रशासनिक कार्य र सचेतनाका कार्यक्रम आदिमा खर्च गर्न पाइने छैन ।

**४८. बाल कोषको खाता सञ्चालन** : (१) बाल कोषको रकम बाल कोष सञ्चालक समितिको निर्णय बमोजिम 'क' वर्गको वाणिज्य बैंकमा छुट्टै खाता खोली सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाता उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

**४९. बाल कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) बाल कोषको लेखापरीक्षण उप-महानगरपालिकाको लेखापरीक्षण पद्धति बमोजिम हुनेछ ।

## परिच्छेद ८

## विविध

**५०. बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्व प्रचलन गराउन सक्ने** : कसैले बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा उप-महानगरपालिकाको न्यायिक समितिले अनुसूची - ८ मा तोकिएको ढाँचामा उजुरी लिई यथार्थ अवस्था बुझी बालबालिकाको अधिकार प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गर्न, गराउनुपर्ने भएमा सम्बन्धित व्यक्ति, परिवार, संस्था वा निकायलाई आदेश दिन सक्नेछ ।

**५१. बालसंरक्षण मापदण्ड तथा आचारसंहिता पालना गर्नुपर्ने** : उप-महानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारी, शिक्षक, बालबालिकासंग प्रत्यक्ष सरोकार राखी कार्य गर्ने व्यक्ति, वडा तथा उप-महानगर बाल अधिकार समितिका सदस्य, बाल क्लब सञ्जालका सदस्य तथा समिति अन्तर्गत गठन गरिने उपसमिति वा कार्यटोली/कार्यदलका सदस्यहरूले समेत उप-महानगरपालिकाले जारी गरेको बाल

संरक्षण मापदण्ड एवम् सो अन्तर्गतको आचार संहितामा सहमति जनाई लिखित रूपमा सहीछाप गरी त्यसको पालना गर्नु पर्नेछ ।

**५२. <u>स्रोतको व्यवस्थापन गर्नुपर्ने</u>** : उप-महानगरपालिका तथा वडा कार्यालयले बाल अधिकार प्रवर्द्धन, बाल संरक्षण तथा सम्वर्द्धन कार्यको योजना तर्जुमा एवम् कार्यान्वयन गर्न आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नु पर्नेछ ।

**५३. <u>सेवाप्रदायक निकाय तथा संस्थाको सूचीकरण गर्नुपर्ने</u>** : उप-महानगरपालिका क्षेत्रभित्र बालबालिका संरक्षण, बाल अधिकारको प्रचलन, संरक्षण, प्रवर्द्धन तथा विकासको क्षेत्रमा क्रियाशील निकाय तथा संघसंस्थाहरूको सूचीकरण गर्नुपर्नेछ ।

**५४. <u>प्रचारप्रसार तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने</u>** : यस कार्यविधिको प्रभावकारिता बढाउन सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत सचेतनामूलक सामाग्री प्रचारप्रसार गर्नुपर्नेछ ।

**५५. <u>प्रोत्साहन एवम् पुरस्कारको व्यवस्था</u>** : बाल अधिकारको प्रवर्द्धन तथा बाल संरक्षण कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, सामुदायिक संस्था, संघसंस्था, निजी क्षेत्रलाई उप-महानगरपालिकाले प्रोत्साहन एवम् पुरस्कार प्रदान गर्न सक्नेछ ।

**५६. <u>कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार</u> :** यस कार्यविधिको सम्बन्धमा कुनै व्याख्या गर्नु परेमा वा कार्यान्वयनका क्रममा आएका बाधा अड्काउ फुकाउनुपर्ने भएमा यस कार्यविधिको उद्देश्य र प्रावधान प्रतिकूल नहुने गरी समितिले गर्न सक्नेछ ।

## अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

**<u>अनुसूची - १</u>**

**(दफा १० को उपदफा ४ बमोजिम)**

**<u>उद्धार कार्यमा खटिई जाने टोलीका सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता</u>**

१. उद्धार कार्यमा खटिई जानुपूर्व सम्बन्धित बालबालिका, उद्धार गर्नुपर्नाको कारण, उक्त स्थान तथा परिवेशबारे टोलीका सदस्यलाई जानकारी गराउने,

२. उद्धार टोलीका सदस्यले बालमैत्री बोली तथा व्यवहार प्रस्तुत गर्नुपर्ने,

३. उद्धारका क्रममा उद्धार टोलीका सदस्यले भावनामा बग्ने, रिसाउने, झै-झगडा गर्ने, आवेशमा आउने लगायतका संवेगलाई नियन्त्रित गर्नुपर्ने,

४. उद्धारका बखतमा कुनै समस्या आइपरेमा, सुरक्षा चुनौती आइपरेमा, निर्णय लिनमा कुनै द्विविधा भएमा तत्काल टोली नेतालाई त्यसबारे जानकारी गराउनुपर्ने,

५. उद्धार टोलीमा खटिई जाने नेपाल प्रहरी र उप-महानगर प्रहरी बलका प्रतिनिधि सादा पोशाकमा जानुपर्ने,

६. उद्धार टोलीका सदस्यले उद्धार कार्यका बखत टोली नेताको निर्देशन पालना गर्नुपर्ने,

७. उद्धार कार्यमा खटिई जाने टोलीका सदस्यले सम्बन्धित निकायले प्रदान गरेको परिचय पत्र साथमा लानुपर्ने,

८. तत्काल आवश्यक परेको सूचना र जानकारीबाहेक बालबालिकालाई अनावश्यक प्रश्न सोध्ने तथा झन्झट गराउने गरी कुराकानी गर्नु, गराउनु नहुने,

९. उद्धार टोलीका नेताको निर्देशन बिना टोलीका कुनै पनि सदस्यले उद्धार स्थलको तोकिएको स्थान बाहेक अन्यत्र जानु नहुने,

१०. उद्धार कार्य गरिरहेको स्थानमा कुनै होहल्ला वा असहज वातावरण सिर्जना भएमा उद्धार टोलीका सदस्यले वातावरण सहज बनाउँदै बालबालिकाको उद्धार कार्यलाई निरन्तरता दिनुपर्ने। तर उद्धार कार्यलाई निरन्तरता दिन सकिने स्थिति नभएमा तत्कालको लागि उद्धार कार्य स्थगित गर्नुपर्ने,

११. बालबालिकाको परिचय खुल्ने गरी सञ्चार माध्यम, सामाजिक सञ्जाल वा अन्य कोही कसैलाई फोटो वा भिडियो खिच्न दिन नहुने । तर उद्धार टोलीको आधिकारिक व्यक्तिले भने आवश्यक परेमा टोली नेताको अनुमतिले फोटो वा भिडियो खिच्न सकिने । त्यसरी खिचिएको फोटो वा भिडियोको गोपनीयता कायम गर्नुपर्ने र कुनै सञ्चार माध्यमबाट प्रचारप्रसार गर्न नपाइने,

१२. उद्धारका बखत बालकलाई टोलीका पुरूष सदस्यले र बालिकालाई टोलीका महिला सदस्यले आफ्नो साथमा राख्नुपर्ने,

१३. उद्धार कार्यको प्रयोजन बाहेक टोलीको कोही कसैले आफूखुशी बालबालिकाको विवरण लिन, फोटो वा भिडियो खिच्न वा फोन नम्बर आदानप्रदान गर्न नपाइने,

१४. उद्धारका समयमा उद्धार टोलीका कुनै पनि सदस्यले असम्बन्धित व्यक्तिलाई भए, गरेका कार्यबारे जानकारी दिने वा कुनै पनि किसिमले प्रतिक्रिया दिन नपाइने । तर उद्धार टोलीका नेताले

उद्धार कार्यसम्बन्धी जानकारी उद्धार कार्यमा खटाउने निकायका आधिकारिक व्यक्तिलाई भने दिनुपर्ने,
१५. उद्धार कार्यसम्बन्धी जानकारी प्राप्त भएपछि आधिकारिक व्यक्तिले बाल-संवेदनशीलता र गोपनीयतालाई कायम राख्दै सञ्चार माध्यममा सूचना दिन सक्ने,
१६. कुनै जोखिम वा हिंसामा परी शारीरिक चोटपटक तथा अंग भंग भई तत्काल उपचार गराउनुपर्ने अवस्थाका बालबालिकालाई टोली नेताको निर्देशनमा टोलीका सदस्यले नजिकको अस्पतालमा लगी उपचारको उचित प्रबन्ध गर्नुपर्ने ।

**अनुसूची - २**

**(दफा १२ को उपदफा (१) संग सम्बन्धित)**

**उप-महानगरपालिकाले सञ्चालन गर्ने अस्थायी संरक्षण सेवाका लागि आवश्यक कर्मचारी सम्बन्धी विवरण**

३० जना बालबालिका राख्ने क्षमता भएको अस्थायी संरक्षण सेवामा कम्तीमा देहाय बमोजिमका कर्मचारीको (सेवा सुविधा तथा कार्य विवरण समेतको) व्यवस्था हुनुपर्नेछ ।

| क्र.सं. | कर्मचारी विवरण | संख्या | प्रकृति |
|---|---|---|---|
| १ | प्रमुख/व्यवस्थापक | १ | पूर्णकालीन तथा आवासीय कर्मचारीको रूपमा |
| २ | हेरचाहकर्ता/स्याहारकर्ता (केयर टेकर) | २ | पूर्णकालीन तथा आवासीय कर्मचारीको रूपमा |
| ३ | भान्से/सहयोगी | २ | पूर्णकालीन तथा आवासीय कर्मचारीको रूपमा |
| ४ | शिक्षक | २ | आंशिक |
| ५ | मनोविमर्शकर्ता | १ | आंशिक |
| ६ | स्वास्थ्यकर्मी | १ | आंशिक |
| ७ | खेल मनोरञ्जन सहयोगी | १ | आंशिक |
| ८ | सुरक्षाकर्मी | १ | पूर्णकालीन तथा आवासीय कर्मचारीको रूपमा |

पुनश्च : उप-महानगरपालिकामा सूचीकृत समाजसेवी र बालमनोविज्ञलाई आवश्यकता अनुसार अस्थायी संरक्षण सेवामा परिचालन गर्न सकिनेछ ।

**अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)**

**<u>अनुसूची - ३</u>**

**(दफा १६ को उपदफा (५) संग सम्बन्धित)**

**आफ्नो वा आफ्ना नातागोताका बाहेक अन्य बालबालिका राख्ने परिवारले बुझाउने विवरण फाराम**

**<u>परिवारको विवरण :</u>**

जिम्मेवारी लिने व्यक्तिको नाम थर :............................................

स्थायी ठेगाना :........................................................................

अस्थायी ठेगाना :....................................................................

बाजेको नाम :.........................................................................

बाबुको नाम :.........................................................................

आमाको नाम :........................................................................

उमेर :...................................................................................

वार्षिक आय :........................................................................

लिङ्ग :.....................................................................................

फोन नं. :...............................................................................

इमेल ठेगाना :........................................................................

नागरिकता प्रमाणपत्र नं. :..........................................................

शैक्षिक योग्यता :......................................................................

परिवारका सदस्यहरूको विवरण :.................................................

**<u>बालबालिकाको विवरण :</u>**

नामथर :.........................................................................

स्थायी ठेगाना :......................................................................

अस्थायी ठेगाना : .......................................................................

बाजेको नाम : ..........................................................................

आमाको नाम : ..........................................................................

आमाको नागरिकता प्रमाणपत्र नं. : .............................................

बाबुको नाम : ...........................................................................

बाबुको नागरिकता प्रमाणपत्र नं. : ...............................................

उमेर : ...........................................................................

लिङ्ग : ...........................................................................

अध्ययन गरिरहेको विद्यालयको नाम : .....................................................

कक्षा : ...........................................................................

विद्यालयको ठेगाना : ...........................................................................

## अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

### प्रतिबद्धतासहित बालसंरक्षणको जिम्मेवारी लिएको बारे स्व-घोषणा

म.........................................................................(नाम/थर) स्थायी ठेगाना..............................................भई हाल जनकपुरधाम उप-महानगरपालिका वडा नं.....................टोल........................................................ मा स्थायी/अस्थायी रूपमा घर नं. .......................... मा बसोबास गर्ने म र मेरो परिवारले ........................................................स्थायी ठेगाना भई हाल मेरो संरक्षणमा बसिरहेको/बसिरहेकी नातामा मेरो .................... पर्ने/कुनै नाता नपर्ने .............................. को जिम्मेवारी लिन र निजको बाल अधिकार संरक्षणका लागि म प्रतिबद्ध छु । माथि उल्लिखित व्यहोरा ठिक साँचो छ, झुट्ठा ठहरिएमा कानून बमोजिम सहुँला, बुझाउँला ।

......................
सहीछाप
नामथर : .........................................................................
बाबुको नाम :. .........................................................................
बाजेको नाम : .........................................................................
ठेगाना : .........................................................................
फोन नं. : .........................................................................

**<u>संलग्न गरिएका अन्य कागजात :</u>**

१) जिम्मेवारी लिने व्यक्तिको फोटो,

२) जिम्मेवारी लिने व्यक्तिको नागरिकता वा परिचय खुल्ने आधिकारिक निकायबाट जारी भएको प्रमाण पत्रको प्रतिलिपि,

३) बालबालिकाको उमेर खुल्ने जन्मदर्ता वा अन्य उमेर खुल्ने आधिकारिक निकायबाट जारी भएका कागजातको प्रतिलिपि ।

**अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)**

## अनुसूची - ४

**(दफा २३ को उपदफा (१) को खण्ड (ख) संग सम्बन्धित)**

**बाल क्लब तथा वडा बाल क्लब सञ्जाल वा नगर बाल क्लब सञ्जाल दर्ताको लागि दिइने निवेदनको ढाँचा**

मिति

:..............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जनकपुरधाम ।

**विषयः बाल क्लब/वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जाल दर्ता गरी पाउँ ।**

महोदय,

हामी ........... जना सदस्य रहेको ..................................... नामको बाल क्लब/वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जाल गठन गर्न चाहेको/गठन भई सञ्चालनमा रहेकोले बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (५) तथा जनकपुरधाम उप-महानगरपालिकाको **बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७९** बमोजिम बाल क्लब/वडा बाल क्लब सञ्जाल/उप-महानगर बाल क्लब सञ्जाल दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

**संलग्न गरिएका कागजात :**

१. प्रस्तावित बाल क्लब/वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जालको विधान,

२. प्रस्तावित बाल क्लब/वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जाल गठन गर्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि,

३. बाल क्लब/वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जालमा आवद्ध सदस्य तथा पदाधिकारीको विवरण,

४. बाल क्लब/वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जाल दर्ता गर्न इच्छुक बालबालिकाको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा वडा कार्यालयको सिफारिस पत्र,

५. बाल क्लब वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जालको उद्देश्य तथा सो मार्फत गरिने मुख्य कामको विवरण ।

**निवेदक**

नाम थर : .......................................................................

पद : .......................................................................

सम्पर्क नं. : .......................................................................

**अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)**

**<u>अनुसूची - ५</u>**

**(दफा २३ को उपदफा (१) को खण्ड (ग) संग सम्बन्धित)**

**बाल क्लब/वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जालको दर्ता, नवीकरण तथा सूचीकरणको किताब**

जनकपुरधाम उप-महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल ।

| दर्ता नं. र मिति | बाल क्लव वा संजालको नाम | ठेगाना | बाल क्लब वा सञ्जालको सदस्य संख्या | | | सहजकर्ता को नाम | स्थापना भएको मिति | सम्पर्क नं. | प्रमाण-पत्र बुझ्नेको नाम र पद | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

**<u>अनुसूची - ६</u>**

**(दफा २३ को उपदफा (१) को खण्ड (घ) संग सम्बन्धित)**
**बाल क्लब/वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जाल दर्ता**
**प्रमाण-पत्रको नमूना**

जनकपुरधाम उप-महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल ।

**बाल क्लब/वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जालको दर्ता**
**प्रमाणपत्र**

दर्ता नं.- मिति
:..........................

श्री............................ बाल क्लब/वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जाल,
ठेगाना........................................।

धनुषा जिल्ला, जनकपुरधाम उप-महानगरपालिका वडा नं .................................... मा रहेको..................................... विद्यालय/समुदाय/विशिष्टीकृत तहमा गठन गरिएको ....................................बाल क्लब/वडा बाल क्लब सञ्जाल/नगर बाल क्लब सञ्जाललाई यस उप-महानगरपालिका कार्यालयमा दर्ता गरी बाल अधिकार प्रवर्द्धन तथा बालसंरक्षण गर्नका लागि बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (६) र उप- महानगरपालिकाको **बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७९** बमोजिम यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

बाल अधिकार प्रवर्द्धन तथा बालसंरक्षण कार्यमा नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, २०७५ लगायत बालबालिकासम्बन्धी प्रचलित कानूनको अधीनमा रही बाल अधिकार अभियानमा त्यस बाल क्लबले बालबालिकाको सक्रिय सहभागिता गराउने अपेक्षा गरिएको छ ।

दस्तखतः......................................
नामथरः............................................
पदः...............................................

**अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)**

**अनुसूची - ७**

**(दफा २३ को उपदफा (२) को खण्ड (ख) संग सम्बन्धित)**

**बाल क्लब/वडा बाल क्लब सञ्जाल/उप-महानगर बाल क्लब सञ्जालको नवीकरणको लागि निवेदनको ढाँचा**

मिति : ................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
जनकपुरधाम, उप-महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, जनकपुरधाम, धनुषा ।

**विषयः- बाल क्लब/वडा बाल क्लब सञ्जाल/ उप-महानगर बाल क्लब सञ्जालको नवीकरण गरी पाउँ ।**

महोदय,

धनुषा जिल्ला, जनकपुरधाम उप-महानगरपालिका वडा नं. .......... मा रहेको ....................विद्यालय/समुदाय/विशिष्टीकृत तहमा गठन गरिएको हाम्रो .................. नामको बाल क्लब/वडा बालक्लब सञ्जाल/उप-महानगर बाल क्लब सञ्जाल बालबालिकासम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (६) र उप- महानगरपालिकाको **बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७९** बमोजिम उप-महानगरपालिका कार्यालयमा दर्ता नं..........भई मिति ................मा दर्ता भएको र क्रियाशील रहँदै आएको छ । यस बाल क्लब/वडा बाल क्लब सञ्जाल/ उप-महानगर बाल क्लब सञ्जालको आ. व. .............. का लागि नवीकरण गर्न देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

**संलग्न कागजात :**

१. बाल क्लब/वडा बाल क्लब सञ्जाल/ उप-महानगर बाल क्लब सञ्जालले गत आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापहरुको संक्षिप्त विवरण,
२. बाल क्लब/वडा बालक्लब सञ्जाल/उप-महानगर बाल क्लब सञ्जालको कार्य समितिका पदाधिकारी तथा सदस्यको अद्यावधिक विवरण,
३. दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

**निवेदक**

नामथरः...............................
पदः...................................
सम्पर्क नं..............................

**अनुसूची - ८**

**(दफा ५० संग सम्बन्धित)**

**न्यायिक समितिसमक्ष पेश गर्ने उजुरी निवेदनको ढाँचा**

मिति : .................

श्री संयोजक ज्यू,
न्यायिक समिति,
जनकपुरधाम उप-महानगरपालिका ।

**विषय: निवेदन/उजुरी पेश गरेको सम्बन्धमा ।**

महोदय,

म/हामी...................................................देहाय बमोजिमको विवरण खुलाई उप-महानगरपालिकाको न्यायिक समिति समक्ष यो निवेदन/उजुरी पेश गर्दछु/गर्दछौं। प्रचलित कानून बमोजिम मेरो/हाम्रो हकको प्रचलन गराई पाउँ।

विवरण :

१. बालबालिका/बाल क्लबको नाम : ..................................

(नाम थर गोप्य राख्न इच्छुक भएमा सोही कुरा खुलाउन सकिने)

२. अध्ययन गरिरहेको कक्षा...................................................

३. अध्ययन गरिरहेको विद्यालय/आश्रित संस्था/संरक्षकको नाम, ठेगाना........................................................................

४. उमेर................वर्ष

५. लिङ्ग:......................

६. गुनासो वा उजुरीसंग सम्बन्धित घटनाको विवरण

.................................................................................................................................

७. घटना घटाउने व्यक्ति (यदि जानकारी भएमा):

.......................................................................

८. घटनाको प्रकृति : ......................................................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ?

.......................................................................

**अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)**

१०. गुनासो वा उजुरीसंग सम्बन्धित अन्य कागजात वा प्रमाण (उपलब्ध भए उल्लेख गर्ने)

..........................................................................

११. घटना वा समस्या समाधानका सम्भावित उपायहरू के-के हुन सक्छन् ?

..........................................................................

निवेदकको दस्तखत :

नाम :

ठेगाना :

**प्रमाणीकरण मिति:- २०८२।०९।२५ गते**

**प्रकाशन मिति:-२०८२।०९। २८गते**

**आज्ञाले**

**मित्रलाल ढकाल**

**प्रमुख प्रशासकीय अधिकृत**

**जनकपुरधाम उप-महानगरपालिकाबाट प्रकाशित मुल्य रु. ५०**